# आर्थिक सर्वेक्षण २०७९/८०

कुल गार्हस्थ्य उत्पादन र वृद्धिदर




खर्च र राजस्व (प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)




आन्तरिक र बाँडफाँटबाट प्राप्त राजस्व




धान उत्पादन र क्षेत्रफल




## सुदूरपश्चिम प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

घनगढी, कैलाली

२०८०

## प्राक्कथन

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १६ को उपदफा (२) मा प्रदेश सरकारको आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान पेश गर्नु अगावै चालु वर्षको आर्थिक सर्वेक्षण प्रदेश सभामा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको हुँदा आर्थिक वर्ष २०७९/८० को फागुनसम्मको प्रदेशभित्रका समष्टिगत आर्थिक परिसूचक, आन्तरिक राजस्व परिचालन, खर्च व्यवस्थापनको अवस्था, सोही अवधिसम्मका आर्थिक तथा सामाजिक विकासका प्रमुख सूचकहरू, नेपाल सरकार अर्थ मन्त्रालयबाट सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण, नेपालको जनगणना, २०७८ को नतिजा, नेपाल राष्ट्र बैंक तथा बिमा समितिबाट प्राप्त तथ्याङ्क र प्रदेशस्थित विषयगत मन्त्रालयबाट प्राप्त प्राथमिक तथा द्वितीय तथ्याङ्कलाई समावेश गरी आर्थिक सर्वेक्षण २०७९/८० प्रकाशन गरिएको छ।

सुदूरपश्चिम प्रदेश सरकारको स्थापना पश्चात आर्थिक सर्वेक्षण पहिलो पटक प्रकाशित गरिएको छ। प्रस्तुत सर्वेक्षणमा प्रदेशका समग्र आर्थिक स्थिति, सार्वजनिक वित्तको अवस्था, वित्तीय क्षेत्र, रोजगारी, कृषि, वन, उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन, भौतिक पूर्वाधार, जलस्रोत र सुशासनतर्फका परिसूचकलाई समावेश गरिएको छ।

अर्थतन्त्रमा अभिरुची राख्ने अर्थशास्त्री, अनुसन्धानकर्ता, उद्योगपति, व्यवसायी, लगानीकर्ता, शिक्षक, विद्यार्थी लगायतका सबै सरोकारवालालाई प्रस्तुत आर्थिक सर्वेक्षण उपयोगी र सान्दर्भिक हुने अपेक्षा लिएको छु। अन्त्यमा, प्रस्तुत आर्थिक सर्वेक्षण २०७९/८० तयार पार्न आवश्यक तथ्याङ्क र विवरण उपलब्ध गराउनु हुने सबै निकाय र पदाधिकारी एवम् तयारीको क्रममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न हुने सबै कर्मचारीप्रति आभार प्रकट गर्दछु।

जेठ, २०८०

नरेश कुमार शाही<br>
आर्थिक मामिला मन्त्री

# विषय-सूची

प्राक्कथन

तालिका-सूची

चित्र-सूची

कार्यकारी सारांश

१. प्रदेशको परिचय ........ १

२. राष्ट्रिय अर्थतन्त्र ........ ६

३. सुदूरपश्चिम प्रदेशको अर्थतन्त्र ........ ९

४. सार्वजनिक वित्त ........ १८

५. बैंक तथा वित्तीय क्षेत्र ........ २८

६. रोजगारी ........ ३७

७. कृषि वन तथा भूमिसुधार ........ ४०

८. उद्योग र पर्यटन ........ ५१

९. भौतिक पूर्वाधार क्षेत्र ........ ५२

१०. सामाजिक क्षेत्र ........ ६०

११. सुशासन र प्रशासन ........ ७२

अनुसूचीहरु

# तालिका-सूची

तालिका १-१ प्रदेशको संक्षिप्त सूचकहरु ३
तालिका १-२ प्रदेशको जिल्लागत जनसंख्या, क्षेत्रफल, जनघनत्व र जनसंख्या वृद्धिदर ४
तालिका १-३ घरको स्वामित्व अनुसार बसोबास गर्ने परिवार संख्या ५
तालिका ३-१ प्रदेशको कृषि र गैर कृषि क्षेत्रको वृद्धिदर (प्रतिशतमा) ११
तालिका ३-२ कृषि र गैर कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा) ११
तालिका ४-१ प्रदेशको चालु र पुँजीगत तर्फको विनियोजन (रु. लाखमा) १८
तालिका ४-२ प्रदेश सरकारको वित्तको स्थिति (रु. लाखमा) १९
तालिका ४-३ सार्वजनिक वित्तका सूचक (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) २०
तालिका ४-४ पुँजीगत खर्चको भुक्तानी प्रवृत्ति (प्रतिशतमा) २३
तालिका ४-५ विनियोजनको तुलनामा चालु खर्चको स्थिति (रु. लाखमा) २४
तालिका ४-६ सरकारी आयको वृद्धिदर (प्रतिशतमा) २६
तालिका ४-७ स्थानीय तहलाई वित्त हस्तान्तरण (रू. लाखमा) २६
तालिका ४-८ विनियोजनको तुलनामा वित्तीय हस्तान्तरणको अवस्था २७
तालिका ५-१ सुदूरपश्चिम प्रदेशमा वैंक तथा वित्तीय संस्थाको शाखा संख्या २८
तालिका ५-२ जिल्लागत बैंक तथा वित्तिय संस्थाको वर्ग अनुरूपको शाखा संख्या र प्रति शाखा जनसंख्या २९
तालिका ५-३ सुदूरपश्चिम प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको विद्युतीय सेवा लिने प्रयोगकर्ताको अवस्था ३१
तालिका ५-४ निक्षेप खाता र संकलनको स्थिति ३१
तालिका ५-५ औद्योगिक वर्गिकरण अनुसार कर्जा प्रवाहको स्थिति ३२
तालिका ५-६ सुदूरपश्चिम प्रदेशको जिल्लागत निक्षेप संकलन र कर्जा प्रवाहको अवस्था ३३
तालिका ५-७ महिला तथा पुरुषको नाममा रहेको खाता सङ्ख्या ३३
तालिका ५-८ सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान कार्यक्रमको स्थिती (रु. लाखमा) ३४
तालिका ५-९ सुदूरपश्चिम प्रदेशमा अवस्थित सहकारी संस्थाको विवरण ३५
तालिका ६-१ प्रदेशगत रोजगारीको अवस्था (प्रतिशतमा) ३७

तालिका ६-२ सामाजिक सुरक्षा कोषमा आबद्ध भएका रोजगारदाता तथा योगदानकर्तासम्बन्धी विवरण (सङ्ख्यामा) ३८
तालिका ६-३ सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषबाट सञ्चालित सीपमुलक तालिम (२०७९/८० को फागुनसम्म) ३९
तालिका ७-१ खाध्यान्न बालि उत्पादनको अवस्था ४०
तालिका ७-२ प्रमुख खद्यान्न बालीको उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर) ४१
तालिका ७-३ नगदे बालीको उत्पादनको स्थिति ४२
तालिका ७-४ दलहन बालीको उत्पादनको स्थिति ४३
तालिका ७-५ मासुको उत्पादन स्थिति (मेट्रिक टनमा ) ४४
तालिका ७-६ पशुपन्छीजन्य पदार्थ अण्डाको उत्पादन स्थिति (गोटा हजारमा) ४५
तालिका ७-७ अण्डाको प्रतिव्यक्ति उपलब्धता (गोटामा) ४६
तालिका ७-८ माछा उत्पादन स्थिति (मेट्रिक टनमा) ४७
तालिका ७-९ प्रधानमन्त्री एकीकृत कृषि आधुनिकरण परियोजना (पशुपन्छी तर्फ) कार्यक्रमको अवस्था ४७
तालिका ७-१० मुख्यमन्त्री एकीकृत कृषि तथा पशु पन्छी विकास कार्यक्रमबाट लाभान्वित कृषक संख्या ४७
तालिका ७-११ वन व्यवस्थापन पद्धति अनुरूप वन संख्या र क्षेत्रफल ४८
तालिका ७-१२ वनजन्य उत्पादन बिक्रीबाट प्राप्त राजस्व (रु. लाखमा) ४९
तालिका ७-१३ वन उत्पादन वेच विखनबाट प्राप्त राजस्व (रु. लाखमा) ४९
तालिका ७-१४ उत्पादन भएको विरुवा संख्या (गोटामा) ४९
तालिका ७-१५ जडिबुटी सङ्कलनको स्थिति (किलोग्राममा) ५०
तालिका ९-१ प्रदेशबाट निर्माण गरिएको सडक विस्तार (किलोमिटरमा) ५२
तालिका ९-२ तटबन्ध निर्माण र जमिनको उकास ५४
तालिका ९-३ सिचाईको स्थिति (हेक्टरमा) ५५
तालिका ९-४ पक्की र कच्ची कुल निर्माणको अवस्था (किलोमिटरमा) ५५
तालिका ९-५ डिप ट्युवेल र स्यालो ट्युवेल जडानको अवस्था (गोटामा) ५६
तालिका ९-६ सवारी साधन दर्ता संकलनको अवस्था ५६
तालिका ९-७ आवास तथा भवन निर्माणको अवस्था (सङ्ख्यामा) ५८

तालिका ९-८ प्रदेशगत विद्युत उत्पादन क्षमता (वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक) ५८
तालिका १०-१ शैक्षिक सूचकमा आधारित उपलब्धि ६०
तालिका १०-२ विद्यालय र क्यामपसको तहगत विवरण ६१
तालिका १०-३ सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण (२०७९) ६२
तालिका १०-४ विद्यालय तहमा विद्यार्थी भर्नाको अवस्था (संख्यामा) ६३
तालिका १०-५,ङ्कङ्क परीक्षा २०७८ को विवरण ६३
तालिका १०-६ छात्राबृत्ति सम्बन्धी विवरण ६४
तालिका १०-७ शैक्षिक पूर्वाधार सम्वन्धी विवरण (गोटा) ६५
तालिका १०-८ स्वास्थ्य संस्था, शैय्या र जनशक्तिको विवरण ६६
तालिका १०-९ राष्ट्रिय खोप कार्यक्रमको विवरण ६६
तालिका १०-१० औषधि उपचार सेवा प्राप्त गर्ने विपन्न नागरिकको विवरण ६७
तालिका १०-११ कोभिड-१९ को परीक्षण संक्रमण र मृत्युसम्बन्धी विवरण ६८
तालिका १०-१२ कोभिड १९ को खोप विवरण (गोटामा) ६८
तालिका १०-१३ प्रदेश सरकारबाट निर्माण भएका स्वास्थ्य पूर्वाधारहरु ६९
तालिका १०-१४ खानेपानी पूर्वाधार निर्माणको अवस्था ६९
तालिका १०-१५ हराएका र फेला परेका बालबालिकाको सङ्ख्या ७०
तालिका १०-१६ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण ७१
तालिका ११-१ सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका पद संख्या ७२
तालिका ११-२ लोकसेवा आयोगबाट सिफारिस भएका पदको सेवागत विवरण ७३
तालिका ११-३ सवारी दुर्धटना सम्वन्धी विवरण ७४
तालिका ११-४ लागु औषध दुर्व्यसनीको अवस्था ७५
तालिका ११-५ विपद्का घटनाहरू सम्वन्धी विवरण ७६

# चित्र-सूची


चित्र २-१ कुल गार्हस्थ्य उत्पादनको आधारभूत मूल्यमा वार्षिक वृद्धिदर (प्रतिशतमा) ६

चित्र २-२ बृहत आर्थिक क्षेत्र अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा) ७

चित्र २-३ बृहत आर्थिक क्षेत्र अनुसार आर्थिक वृद्धिदर (प्रतिशतमा) ७

चित्र २-४ कृषि र गैर कृषि क्षेत्रको आर्थिक वृद्धिदर (प्रतिशतमा) ८

चित्र ३-१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ९

चित्र ३-२ आर्थिक वृद्धिदर आधारभूत मूल्यमा र उपभोक्ता मूल्यमा (प्रतिशतमा) १०

चित्र ३-३ प्रदेशगतको आर्थिक वद्धिदर (प्रतिशतमा) १०

चित्र ३-४ कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत आर्थिक वृर्द्धिदर (प्रतिशतमा) १२

चित्र ३-५ बृहत आर्थिक क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा) १२

चित्र ३-६ बृहत औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) क्षेत्रगत योगदान १३

चित्र ३-७ राष्ट्रिय र सुदूरपश्चिम प्रदेशको प्रतिव्यक्ति आयको तुलना १७

चित्र ४-१ बजेट तथा राजस्व सन्तुलनको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) २०

चित्र ४-२ प्रदेशगत खर्च र राजस्व स्थिति (कुल गार्हस्थयको अनुपातमा प्रतिशतमा) २१

चित्र ४-३ प्रदेश सरकारको राजस्वको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) २२

चित्र ४-४ प्रादेशिक खर्च संरचना (प्रादेशिक खर्चको प्रतिशतमा) २३

चित्र ४-५ प्रादेशिक राजस्व संरचना (प्रतिशतमा) २५

चित्र ४-६ प्रदेश सरकारको आय संरचना (प्रतिशतमा) २५

चित्र ५-१ बैंक तथा वित्तिय संस्थाको प्रदेशगत प्रति शाखा सेवा प्रवाह गरेको जनसंख्या २९

चित्र ७-१ नगदे बालीको उत्पादकत्व ४३

चित्र ७-२ मासुको प्रतिव्यक्ति प्रतिबर्ष उपलब्धता (किलोग्राममा) ४५

चित्र ८-१ प्रदेशमा दर्ता भएका उद्योगको अवस्था (लगानी र पुँजी रु. करोडमा) ५१

# कार्यकारी सारांश

१. आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय अर्थतन्त्र उपभोक्ता मूल्यमा १.८६ प्रतिशतले वृद्धि भई अर्थतन्त्रको आकार रु. ५३ खर्ब ८१ अर्ब ३४ करोडको हुने अनुमान छ।

२. आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.६३ प्रतिशत, १२.९४ प्रतिशत र ६२.४२ प्रतिशत रहने अनुमान छ।

३. आर्थिक वर्ष २०७९/८० मा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र तथा सेवा क्षेत्रको वृद्धिदर क्रमसः २.६९ प्रतिशत, ०.५६ प्रतिशतमा र २.३३ प्रतिशत रहने अनुमान रहेको छ।

४. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ७.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.३ प्रतिशत रहेको थियो।

५. आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको आकार *रु. ३ खर्ब ७६ अर्ब ३३ करोड ३० लाख* रहने अनुमान रहेको छ।

६. आर्थिक वर्ष २०७९/८० मा प्रदेशको आर्थिक वृद्धिदर १.७८ प्रतिशत रहने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस्तो वद्धिदर ४.७८ प्रतिशत रहेको थियो।

७. आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको योगदान ७ प्रतिशत रहने अनुमान छ।

८. आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको कृषि तथा गैरकृषि क्षेत्रको वृद्धिदर क्रमशः १.६७ प्रतिशत र २.१३ प्रतिशत हुने अनुमान छ।

९. आर्थिक वर्ष २०७९/८० मा प्राथमिक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः १.६६ प्रतिशत र ३.२४ प्रतिशत धनात्मक तथा द्वितीयक क्षेत्रको वृद्धिदर ०.६४ प्रतिशत ऋणात्मक रहने अनुमान छ।

१०. आर्थिक वर्ष २०७८/७९ मा सुदूरपश्चिम प्रदेशको आय १ हजार ६० अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्ष २०७९/८० मा उक्त आय १ हजार ६३ अमेरिकी डलर रहने अनुमान रहेको छ।

११. आर्थिक वर्ष २०७९/८० फागुनसम्म प्रदेश सरकारको कुल आय गत वर्षको सोही अवधिको तुलनामा ११.८० प्रतिशतले वृद्धिभई रु. २० अर्ब ५२ करोड ७७ लाख पुगेको छ।

१२. आर्थिक वर्ष २०७९/८० फागुनसम्म प्रदेश सरकारको कुल खर्च रु. ८ अर्ब ६२ करोड ८३ लाख भएको छ। जसमध्ये चालु खर्च रु. ३ अर्ब ८९ करोड ९२ लाख र ४ अर्ब ७२ करोड ९१ लाख रहेको छ।

१३. आर्थिक वर्ष २०७९/८० फागुनसम्म प्रदेश सरकारको आन्तरिक राजस्व रु. ७५ करोड ४८ लाख र बाँडफाँटबाट प्राप्त राजस्व रु. ४ अर्ब ८१ करोड २८ लाख गरी कुल राजस्व रु. ५ अर्ब ५६ करोड ७७ लाख रहेको छ।

१४. आर्थिक वर्ष २०७९/८० फागुनसम्म प्रदेश सरकारको आन्तरिक राजस्व मध्ये कर राजस्व रु. ५३ करोड ८६ लाख र गैरकर राजस्व रु. २१ करोड ६२ लाख रहेको छ।

१५. आर्थिक वर्ष २०७९/८० फागुनसम्म प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त गरेको कुल अनुदान रु. ७ अर्ब ८० करोड ५५ लाख रहेको छ। सोही अवधिमा प्रदेश सरकारबाट स्थानीय तहलाई रु. ६८ करोड ८८ लाख वित्तीय हस्तान्तरण गरेको छ।

१६. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेश सरकारको बजेट बचत रू. ११ अर्ब ८९ करोड ९४ लाख र राजस्व बचत रू. १ अर्ब ६६ करोड ८५ लाख रहेको छ।

१७. आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा बजेट बचतको अनुपात २.६३ प्रतिशत र राजस्व बचतको अनुपात ०.१४ प्रतिशत रहेको छ।

१८. बझाङ्गको साइपाल गाउँपालिका बाहेक सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहमा बैक तथा वित्तीय संस्थाको शाखा पुगेको भएको छ।

१९. २०७९ फागुनसम्म सुदूरपश्चिम प्रदेशमा लघुवित्त सहित बैङ्क तथा वित्तीय संस्थाको शाखा संख्या ८४३ पुगेको छ। सो अवधिसम्म प्रति शाखा औसत जनसंख्या ७ हजार १ सय १८ रहेको छ।

२०. सुदूरपश्चिम प्रदेशमा चालु आर्थिक वर्षको माघसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप रु. १ खर्व १७ अर्ब ९५ करोड ६१ लाख पुगेको छ। साथै, सो अवधिमा कर्जा प्रवाह रु. १ खर्व ४० अर्ब ७९ करोड ८१ लाख रहेको छ।

२१. सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म बिमा कम्पनीको संख्या ३ सय ८ पुगेको छ।

२२. आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशमा ६ लाख ६२ हजार मेट्रिक टन धान उत्पादन हुने अनुमान छ। यसैगरी, मकैको उत्पादन १ लाख ३ हजार मेट्रिक टन र कोदोको उत्पादन १९ हजार मेट्रिक टन अनुमान छ।

२३. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म २ लाख १७ हजार ८ सय २३ मेट्रिक टन दुध र ३४ हजार २ सय ४३ मेट्रिक टन मासु उत्पादन भएको छ। सो अवधिमा १४ करोड ७ लाख १४ हजार गोटा अण्डा उत्पादन भएको छ।

२४. सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रतिव्यक्ति प्रति वर्ष उपलब्धता मासुको १२.६३ किलोग्राम, अण्डाको ५१.९० ओटा, दुधको ८०.३२ किलोग्राम र माछाको २.६ किलोग्राम रहेको छ।

२५. २०७९ फागुनसम्म प्रदेशमा जम्मा २१ हजार ८ सय ५४ उद्योग दर्ता भएका छन्।

२६. २०७९ फागुनसम्म सुदूरपश्चिम प्रदेशमा ७३.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। साथै, सो अवधिसम्म १०८ मेगावाट विद्युत उत्पादन भएको छ।

२७. २०७९ फागुनसम्म सुदूरपश्चिम प्रदेश सरकारले ३ सय ९९ किलोमिटर कालोपत्रे, ५ सय ४ किलोमिटर खण्डास्मित र १ हजार ४ सय ६७ किलोमिटर कच्ची सडक निर्माण गरेको छ।

२८. प्रदेश स्थापना पश्चात चालु आर्थिक वर्षको फागुनसम्म सतह सिंचाई आयोजनाहरूबाट कुल १७ हजार ६ सय ४५ हेक्टर, भूमिगत सिंचाई आयोजनाहरूबाट कुल ८ हजार ८ सय ७८ हेक्टर, नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाहरूबाट कुल ८ सय ९२ हेक्टर जमिनमा सिंचाई सुविधा विस्तार भएको छ।

२९. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म दुई पांग्रे, तीन पांग्रे र चार पांग्रे गरी १० हजार ५८ सवारी साधनको दर्ता भएको छ।

३०. सुदूरपश्चिम प्रदेशमा इन्टरनेट पुहुँच पुगेका घरघुरीको अनुपात २५.२ प्रतिशत र स्मार्टफोन प्रयोग गर्ने घरघुरीको अनुपात ६२.७ प्रतिशत पुगेको छ।

३१. सुदूरपश्चिम प्रदेशमा २०७९ फागुनसम्म ९ लाख ९९ हजार २ सय ३८ हेक्टर वन क्षेत्र रहेको छ।

३२. शैक्षिक सत्र २०७९ मा प्राथमिक तह (कक्षा १-५), आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) खुद भर्नादर क्रमशः ९६.८ प्रतिशत, ९५.९ प्रतिशत र ५९.१ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०७९ मा कक्षा १ मा खुद प्रवेश दर ९७ प्रतिशत रहेको छ।

३३. २०७९ फागुनसम्म प्रदेश सरकारले निर्माण गरेको खानेपानी योजनाबाट आधारभूत खानेपानीको पहुँच पुगेको घरधुरी सङ्ख्या २२ हजार ९ सय ७२ रहेको छ।

३४. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म सुदूरपश्चिम प्रदेशको स्वीकृत दरबन्दीमध्ये ३३.७५ प्रतिशत पदपूर्ति भएका छन्।

३५. राष्ट्रिय अर्थतन्त्रमा आएको सुस्सताको प्रभाव प्रादेशिक अर्थतन्त्रमा पनि पर्न गएको छ। संघीय सरकारको राजस्व परिचालनमा आएको कमीका कारण राजस्व बाँडफाँटबाट प्रदेशलाई हुने प्राप्त समेत प्रभावित हुने देखिन्छ। कमजोर आन्तरिक राजस्व परिचालन बाट स्रोत व्यवस्थापन गर्न कठिने हुने हुनाले आन्तरिकको दायरा विस्तार हुने गरी नीतिगत व्यवस्था गर्नु पर्ने देखिन्छ।

# १. प्रदेशको परिचय

१.१. नेपालको संविधान बमोजिम नेपाललाई सात प्रदेशमा विभाजन गरिएकोमा साविकका महाकाली अञ्चलका ४ जिल्ला र सेती अञ्चलका ५ जिल्ला समेटी सुदूरपश्चिम प्रदेश कायम भएको छ। भौगोलिक रूपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तीनै धरातलीय स्वरुपलाई समेटेको छ। त्यस्तै हावापानीको दृष्टिकोणले हेर्दा पनि यस प्रदेशमा नेपालमा पाइने सबै प्रकारको उष्ण, मनसुनीदेखि टुन्ड्रा हावापानी विद्यमान रहेको छ।

१.२. यो प्रदेश १०९ मिटरदेखि ७१३२ मिटरसम्म उचाई र २८° २२" उत्तरी अक्षांशदेखि ३०° ०९" उत्तरी अक्षांश र ८०°०३" पूर्वी देशान्तरदेखि ८१° २५" पूर्वी देशान्तरसम्म फैलिएको छ। यस प्रदेशको सबैभन्दा अग्लो भू-भागको रूपमा अपि हिमाल (७,१३२ मिटर) र होचो भू-भागको रूपमा कैलाली जिल्ला (१०९ मिटर) रहेको छ।

१.३. नेपालको कुल क्षेत्रफल १,४७,५९९ वर्ग कि.मि. मध्ये सुदुरपश्चिम प्रदेशले १९,९९९.२८ वर्ग कि.मि. अर्थात् १३.५५ प्रतिशत क्षेत्रफल ओगटेको छ। प्रदेशको कुल क्षेत्रफलमा हिमाली भू-भाग ८,३९२.२८ वर्ग किलोमिटर (४१.९६ प्रतिशत), पहाडी भू-भाग ६,५७० वर्ग किलोमिटर (३३.७५ प्रतिशत) र तराई भू-भाग ४,८७५ (२४.२९ प्रतिशत) वर्ग किलोमिटर पर्दछ।

१.४. यो प्रदेश नेपाल राज्यको पश्चिम भागमा पर्दछ। प्रदेशको कुल ९ जिल्ला मध्ये यस प्रदेशका २ जिल्ला (कैलाली र कञ्चनपुर) तराई क्षेत्रमा, ४ जिल्ला (डोटी, डडेल्धुरा, अछाम, बैतडी) पहाडी क्षेत्रमा र ३ जिल्ला (दार्चुला, बझाङ र बाजुरा) हिमाली क्षेत्रमा पर्दछन्।

१.५. यस प्रदेशको सिमाना पूर्वमा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, कालीकोट र मुगु जिल्ला तथा लुम्बिनी प्रदेशको बर्दिया जिल्ला पर्दछ। पश्चिम र दक्षिणमा भारत, उत्तरमा कर्णाली प्रदेशको हुम्ला जिल्ला तथा चीनको स्वशासित क्षेत्र तिब्बत रहेको छ।

१.६. सुदूरपश्चिम प्रदेशमा क्रमागत रूपमा क्षेत्री, थारु, पहाडी ब्राम्हण, कामी, ठकुरी, दमाई, मगर, सार्की, लोहार, सन्यासी र अन्य खस दलित जातीका मानिसको बसोबास रहेको छ भने प्रदेशमा बोलिने ८३ भाषा मध्ये सबैभन्दा बढी बोलिने भाषा डोटेली रहेको छ। यस प्रदेशमा बोलिने भाषामध्ये नेपाली दोस्रो, थारु तेस्रो, बैतडेली चौथो, अछामी पाँचौं र बझाङ्गी छैठौं रहेका छन्।

१.७. यस प्रदेशमा देउडा नाँच, हुड्के नाँच, हुरदुगा नाँच, सखिया नाँच, मयुर नाँच, लाखे नाँच, झाँक्री नाँच, पतली नाँच, छलिया नाँच, भुवो पर्व, विशु पर्व, माघे सक्रान्ती, ओल्के तिहार लगायतका सांस्कृतिक चाडपर्वहरु मनाउने गरिन्छ।

१.८. यस प्रदेशको उत्तरतर्फ अपि, सैपाल, जेठी बहुरानी जस्ता हिमाल रहेका छन् भने जैविक विविधताले भरिपूर्ण अपिनम्पा संरक्षण क्षेत्रका साथै विश्वकै सबैभन्दा ठूलो बाह्रसिंगाको बथान रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र धार्मिक तथा हिमाली जैविक विविधताको रूपमा परिचित खप्तड राष्ट्रिय निकुञ्ज जस्ता संरक्षित क्षेत्रले यो प्रदेश जैविक विविधता तथा पर्यापर्यटनको क्षेत्रमा प्रख्यात छ। यस क्षेत्रका प्रमुख पर्यटक स्थलमा खप्तड, शुक्लाफाँटा, सुर्मासरोवर ताल, महाभारतपर्वत, घनघश्या लेक, भेल्छडा, रौलाकेदार, घोडाघोडी ताल, अजयमेरुकोट, आलीताल, बेदकोट, अपि हिमाल, व्यास हिमाल, सैपाल हिमाल, रामारोशन क्षेत्र, दोधाराचाँदनी झोलुङ्गे पुल, टिकापुर पार्क, चिसापानी कर्णाली पुल आदि पर्दछन्।

१.९. यस प्रदेशमा थुप्रै धार्मिक स्थलहरू रहेका छन्। जसमध्ये अछामको रामारोशन, बाजुराको बडीमालिका र बुढीनन्दा, बझाङको तपोवन, सुर्मदिबी, जल्फादेवी, मष्टा र दुर्गा, ऋषिकुण्ड र सुर्मासरोवर, बैतडीको त्रिपुरासुन्दरी, निङ्गलासैनी, जगन्नाथ, ईश्वरी गंगाधाम, कृष्णमन्दिर, महारुद्र, मेलौली भगवती, ग्वालेक केदार, राताशिला, रौलाकेदार र सिगास, दार्चुलाको मालिकार्जुन, लटीनाथ, गल्लाकेदार र हुनैनाथ आदि हुन्। त्यस्तै डडेल्धुराको उग्रतारा, भागेश्वर, घण्टेश्वर, घटालबाबा र बेताल, अछामको बैजनाथ, बर्मदिवी, डोटीको शैलेश्वरी, बडिकेदार, लानाकेदारेश्वर, कञ्चनपुरको सिद्धनाथ, बैजनाथ र विष्णु मन्दिर, कैलालीको गोदावरी, वनदेवी, बेंहडाबाबा तथा नैनादेवी आदि प्रमुख हुन्।

१.१०. यस प्रदेशका प्रमुख नदीहरू कर्णाली, सेती र महाकाली हुन्। अन्य सहायक नदीहरूमा चमेलीया, बुढीगंगा, दरगंगा, सुर्नाया, ढिकगाड, होपरीगाड, रंगुन, डोटेली गाड, स्पालगाड, कान्द्रा, खुटिया, मोहना, दोँदा, बनरा आदि हुन्। यस क्षेत्रमा पर्ने प्रमुख तालहरूमा कैलाली जिल्लाको घोडाघोडी ताल विश्वसम्पदा सूचीमा सूचिकृत सिमसार क्षेत्रको रूपमा परिचित हुनुका साथै धार्मिक दृष्टिकोणबाट समेत प्रसिद्ध छ। कञ्चनपुर जिल्लामा झिलमिला ताल, वेदकोट ताल, डडेल्धुराको आलीताल, डोटी जिल्लामा रहेको छतिवन ताल आदि छन् भने डोटी, अछाम, बझाङ र बाजुरा जिल्लाको बिचमा रहेको खप्तड ताल र अछाम जिल्लाको रामारोशन ताल र सिमसार क्षेत्र यस क्षेत्रको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन्।

तालिका १-१ प्रदेशको संक्षिप्त सूचकहरु

| विवरण | अवस्था |
|---|---|
| जिल्ला | ९ |
| जनघनत्व प्रतिबर्ग किलोमिटर | १३८ |
| संघीय निर्वाचन क्षेत्र | ३२ |
| प्रदेशिक निर्वाचन क्षेत्र | १६ |
| उप-महानगरपालिका | १ |
| नगरपालिका | ३३ |
| गाउँपालिका | ५४ |
| कुल वडा संख्या | ७३४ |
| कुल जनसंख्या* | २६,९४,७८३ |
| नेपालको तुलनामा जनसंख्या प्रतिशत* | ९.२४ प्रतिशत |
| पुरुष जनसंख्या* | १२,७२,७८६ |
| महिला जनसंख्या* | १४,२१,९९७ |
| परिवारको औसत आकार* | ४.६७ |
| लैंङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) * | ८९.५१ प्रतिशत |
| जनसंख्या वृद्धिदर* | ०.५२ प्रतिशत |
| परिवारको औसत आकार* | ४.६७ प्रतिशत |

*स्रोतः सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोग, २०७८, *राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)*

१.११. प्रदेश अन्तर्गतका जिल्लामा ३ हजार ४ सय २२ वर्ग किलोमिटर क्षेत्रफल सहित सबैभन्दा ठुलो जिल्ला बझाङ्ग रहेको छ भने १,५१९ वर्ग किलोमिटर क्षेत्रफल रहेको वैतडी जिल्ला सबैभन्दा सानो जिल्ला रहेको छ।

१.१२. प्रति वर्ग किलोमिटर २ सय ८० जना व्यक्तिको वसोबास रहेको कञ्चनपुर जिल्ला जनघनत्वको हिसावले प्रदेशको सबैभन्दा ठुलो जिल्ला हो भने प्रति वर्ग किलोमिटर ५५ जना व्यक्तिको वसोबास सहित बझाङ्ग जिल्ला सबैभन्दा सानो जिल्ला रहेको छ।

१.१३. राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशको कुल जनसंख्या मध्ये सवैभन्दा बढी ९ लाख ४६ हजार ६६ जनसंख्या अर्थात ३३.५७ प्रतिशत जनसंख्या कैलाली जिल्लामा रहेको छ। यस जिल्लाको जनसंख्या वृद्धिदर समेत सबैभन्दा बढी १.४८ प्रतिशत रहेकोछ।

१.१४. लैङ्गिक अनुपातको हिसाबले प्रदेशमा प्रति सय महिलामा पुरुषको संख्या ९० रहेको देखिन्छ। बाजुरा जिल्लामा सबैभन्दा बढी प्रति सय महिलामा पुरुषको संख्या ९४ रहेको छ भने डोटी जिल्ला यस्तो अनुपात ८४ रहेको देखिन्छ।

तालिका १-२ प्रदेशको जिल्लागत जनसंख्या, क्षेत्रफल, जनघनत्व र जनसंख्या वृद्धिदर

| जिल्ला | जनसंख्या | जनसंख्या वृद्धिदर | परिवारको औसत आकार | लैंङ्गिक अनुपात (प्रति सय महिलामा पुरुषको संख्या) | जनघनत्व (प्रति वर्ग किलोमिटर) |
|---|---|---|---|---|---|
| बाजुरा | १३८५२३ | ०.२५ | ४.९४ | ९४ | ६३ |
| बझाङ | १८९०८५ | -०.३० | ४.९७ | ८८ | ५५ |
| दार्चुला | १३३३१० | ०.०० | ४.६९ | ९४ | ५७ |
| बैतडी | २४२१५७ | -०.३४ | ४.९० | ८९ | १५९ |
| डडेल्धुरा | १३९६०२ | -०.१७ | ४.४८ | ८९ | ९१ |
| डोटी | २०४८३१ | -०.३२ | ४.५३ | ८४ | १०१ |
| अछाम | २२८८५२ | -१.१३ | ४.६१ | ८५ | १३६ |
| कैलाली | ९०४६६६ | १.४८ | ४.६२ | ९२ | २८० |
| कञ्चनपुर | १३८५२३ | १.२५ | ४.६२ | ८८ | ३१९ |
| जम्मा | २६९४७८३ | ०.५२ | ४.६७ | ९० | १३८ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)*

१.१५. सुदूरपश्चिम प्रदेशमा आफ्नै घरमा बसोबास गर्ने परिवार संख्या ५ लाख ७६ हजार ७ सय ७२ रहेको छ, भने २५ हजार ३ सय ८१ परिवार भाडाको घरमा बसोबास गर्ने गर्दछन्।

प्रदेशको कुल परिवार संख्यासँग तुलना गर्दा प्रदेशमा भाडामा बस्ने परिवार संख्या ४.४ प्रतिशत रहेको छ। प्रदेशमा संस्थागत र अन्य संरचनामा बसोबास गर्ने परिवार संख्या ०.८४ प्रतिशत रहेको देखिन्छ।

१.१६. सहरीकरण भएका जिल्लामा भाडामा बसोबास गर्ने परिवार संख्या बढी देखिन्छ भने दुर्गम पहाडी जिल्लामा आफ्नै घरमा बसोबास गर्ने परिवारको सङ्ख्या तुलनात्मक रुपमा बढी देखिन्छ।

१.१७. कुल परिवार संख्याको तुलनामा सबैभन्दा बढी बैतडी जिल्लामा आफ्नै घरमा बसोबास गर्ने परिवार ९८.०२ प्रतिशत रहेको देखिन्छ। यसैगरी सबैभन्दा बढी परिवार कैलाली जिल्लामा भाडामा बसोबास गरेको देखिन्छ, जुन प्रदेशको कुल भाडामा बस्ने परिवार संख्याको ४८.१४ प्रतिशत हुन आउँछ। कैलालीमा संस्थागत संरचनामा र अन्य संरचनामा बसोबास गर्ने परिवारको संख्या पनि सबैभन्दा बढी रहेको देखिन्छ।

### तालिका १-३ घरको स्वामित्व अनुसार बसोबास गर्ने परिवार संख्या

| भुभाग | जम्मा परिवार संख्या | घरको स्वामित्व | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आफ्नो | प्रतिशत | भाडामा | प्रतिशत | संस्थागत | प्रतिशत | अन्य | प्रतिशत |
| सुदुरपश्चिम | ५७६७७२ | ५४६५७८ | ९४.७७ | २५३८१ | ४.४० | २३९९ | ०.४२ | २४१४ | ०.४२ |
| बाजुरा | २८०४१ | २६८४९ | ९५.७५ | १०६५ | ३.८० | ९० | ०.३२ | ३७ | ०.१३ |
| बझाङ | ३८०२५ | ३६८०१ | ९६.७८ | १०६० | २.७९ | ९५ | ०.२५ | ६९ | ०.१८ |
| दार्चुला | २८३८१ | २६५६१ | ९३.५९ | १६२४ | ५.७२ | ११५ | ०.४१ | ८१ | ०.२९ |
| बैतड़ी | ४९४०७ | ४८४२८ | ९८.०२ | ७६० | १.५४ | ११५ | ०.२३ | १०४ | ०.२१ |
| डडेल्धुरा | ३११७२ | २९२२६ | ९३.७६ | १५४४ | ४.९५ | २४९ | ०.८० | १५३ | ०.४९ |
| डोटी | ४५१४० | ४२९१९ | ९५.०८ | १५५० | ३.४३ | ४२८ | ०.९५ | २४३ | ०.५४ |
| अछाम | ४९५६७ | ४७८९१ | ९६.६२ | १३४४ | २.७१ | २३५ | ०.४७ | ९७ | ०.२० |
| कैलाली | १९५८७२ | १८१९८१ | ९२.९१ | १२२१८ | ६.२४ | ६२२ | ०.३२ | १०५१ | ०.५४ |
| कञ्चनपुर | १११११६७ | १०५९२२ | ९५.२८ | ४२१६ | ३.७९ | ४५० | ०.४० | ५७९ | ०.५२ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)*

# २. राष्ट्रिय अर्थतन्त्र

२.१. रुस र युक्रेनबिचको युद्धका कारण विश्वव्यापी रूपमा आपुर्ति श्रृङ्खलामा आएको अवरोधले ईन्धन, उत्पादन सामग्री तथा खाद्यान्न लगायतका वस्तु तथा सेवाको मूल्य वृद्धि हुँदा कोभिड-१९ महामारीपछि सुधारोन्मूख अवस्थामा रहेको नेपालको अर्थतन्त्रको पुनरूत्थान थप चुनौतीपूर्ण देखिन्छ।

२.२. आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय अर्थतन्त्र उपभोक्ता मूल्यमा १.८६ प्रतिशतले वृद्धि भई अर्थतन्त्रको आकार रु. ५३ खर्ब ८१ अर्ब ३४ करोडको हुने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन रु. ४९ अर्ब ३३ खर्ब ७० करोड र आर्थिक वृद्धिदर ५.६१ प्रतिशत रहेको थियो।

२.३. आर्थिक वर्ष २०७९/८० मा आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर २.१६ प्रतिशत हुने अनुमान रहेको छ भने गत आर्थिक वर्षमा उक्त वृद्धिदर ५.२६ प्रतिशत भएको संशोधित अनुमान रहेको छ।

चित्र २-१ कुल गार्हस्थ्य उत्पादनको आधारभूत मूल्यमा वार्षिक वृद्धिदर (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* **अनुमानित*

२.४. आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.६३ प्रतिशत, १२.९४ प्रतिशत र ६२.४२ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः २५.२२ प्रतिशत, १३.५४ प्रतिशत र ६१.२४ प्रतिशत रहेको थियो।

चित्र २-२ बृहत आर्थिक क्षेत्र अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* *अनुमानित

२.५. आर्थिक वर्ष २०७९/८० मा प्राथमिक क्षेत्रको वृद्धिदर २.६९ प्रतिशत रहने अनुमान रहेको छ भने द्वितीय क्षेत्रमा ९.३६ प्रतिशतले घट्न गई वृद्धिदर ०.५६ प्रतिशतमा कायम रहने र सेवा क्षेत्रको वृद्धिदर २.३३ प्रतिशत रहने अनुमान रहेको छ।

चित्र २-३ बृहत आर्थिक क्षेत्र अनुसार आर्थिक वृद्धिदर (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* * अनुमानित

२.६. चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१२ प्रतिशत तथा गैर कृषि क्षेत्रको योगदान ७५.८८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः २४.६७ प्रतिशत र ७७.३३ प्रतिशत रहेको थियो। साथै, चालु आर्थिक वर्षमा कृषि तथा गैरकृषि क्षेत्रको वृद्धिदर क्रमशः २.७२ प्रतिशत र १.९२ प्रतिशत हुने अनुमान छ।

चित्र २-४ कृषि र गैर कृषि क्षेत्रको आर्थिक वृद्धिदर (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* **अनुमानित*

२.७. आर्थिक वर्ष २०७९/८० मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ३ सय ९९ अमेरिकी डलर रहने अनुमान छ।

२.८. पेट्रोलियम पदार्थ लगायत आयातित वस्तु तथा सेवामा भएको मूल्यवृद्धि र अमेरिकी डलरसँग नेपाली मुद्राको अवमूल्यन हुँदा मुद्रास्फीतिमा चाप परेको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ७.९३ प्रतिशत रहेको छ।

# ३. सुदूरपश्चिम प्रदेशको अर्थतन्त्र

## प्रदेशको आर्थिक वृद्धि

३.१. आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) रु. ३ खर्ब ७६ अर्ब ३३ करोड रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ३ खर्ब ४५ अर्ब ५७ करोड थियो ।

३.२. आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको योगदान ७.० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा समेत यस्तो योगदान ७ प्रतिशत नै रहेको थियो। राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३६.८ प्रतिशत योगदान बागमती प्रदेशको र सबैभन्दा कम ४.१ प्रतिशत योगदान कर्णाली प्रदेशको हुने अनुमान छ।

चित्र ३-१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* **अनुमानित*

३.३. आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको अर्थतन्त्र १.७८ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। साथै, आधारभुत मूल्यमा प्रदेशको आर्थिक वृद्धि १.९७ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा उक्त वृद्धिदर क्रमसः ४.७८ र ४.३३ प्रतिशत रहेको थियो।

चित्र ३-२ आर्थिक वृद्धिदर आधारभूत मूल्यमा र उपभोक्ता मूल्यमा (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* *अनुमानित

३.४. प्रादेशिक आधारमा चालु आर्थिक वर्षमा बागमती प्रदेशमा सबैभन्दा कम आर्थिक वृद्धिदर १.८ प्रतिशत हासिल हुने अनुमान रहेको छ भने गण्डकी प्रदेशको ३.७ प्रतिशत आर्थिक वृद्धिदर रहने अनुमान छ। राष्ट्रिय आर्थिक वृद्धिदर २.२ प्रतिशत भन्दा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर कम देखिन्छ।

चित्र ३-३ प्रदेशगतको आर्थिक वद्धिदर (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* *अनुमानित

३.५. आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको कृषि तथा गैरकृषि क्षेत्रको वृद्धिदर क्रमशः १.६७ प्रतिशत र २.१३ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर २.०१ प्रतिशत र ६.०० प्रतिशत रहेको थियो।

तालिका ३-१ प्रदेशको कृषि र गैर कृषि क्षेत्रको वृद्धिदर (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* *@संशोधित &प्रारम्भिक*

३.६. पछिल्ला ३ आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशको कृषि क्षेत्रको योगदान घट्दै गईरहेको देखिन्छ भने गैरकृषि क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आर्थिक वर्ष २०७८/७९ मा ३४.५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा उक्त योगदान ३३.४ प्रतिशत रहने अनुमान रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको गैरकृषि क्षेत्रको योगदान ६५.५ प्रतिशत रहेको र चालु आर्थिक वर्षमा उक्त योगदान ६६.६ प्रतिशत रहने अनुमान रहेको छ।

तालिका ३-२ कृषि र गैर कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा)

| क्षेत्र | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८०* |
|---|---|---|---|---|---|
| कृषि | ३४.८१ | ३४.७७ | ३५.६८ | ३४.५१ | ३३.४४ |
| गैर कृषि | ६५.१९ | ६५.२३ | ६४.३२ | ६५.४९ | ६६.५६ |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* **अनुमानित*

## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

३.७. आर्थिक वर्ष २०७९/८० मा प्राथमिक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः १.६६ प्रतिशत र ३.२४ प्रतिशत धनात्मक तथा द्वितीयक क्षेत्रको वृद्धिदर ०.६४ प्रतिशत

ऋणात्मक रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.३० प्रतिशत, ४.१२ प्रतिशत र ३.७ प्रतिशत रहेको थियो।

चित्र ३-४ कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत आर्थिक वृद्धिदर (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* *@संशोधित &प्रारम्भिक*

३.८. आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादन प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३४.७८ प्रतिशत, १३.९५ प्रतिशत र ५१.२७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा यस्तो योगदान क्रमशः ३३.७० प्रतिशत, १३.२४ प्रतिशत र ५३.०६ प्रतिशत हुने अनुमान छ।

चित्र ३-५ बृहत आर्थिक क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा)




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* *@संशोधित &प्रारम्भिक*

## औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि

३.९. आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र तथा सेवा क्षेत्रको योगदान क्रमशः ३३.७० प्रतिशत, १३.२४ प्रतिशत र ५३.०६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः ३४.७८ प्रतिशत, १३.९५ प्रतिशत र ५१.२७ प्रतिशत रहेको थियो।

चित्र ३-६ बृहत औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) क्षेत्रगत योगदान




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* *अनुमानित

## प्राथमिक क्षेत्र

३.१०. आर्थिक वर्ष २०७९/८० को कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्र (कृषि, वन तथा मत्स्यपालन) को योगदान ३३.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान ३४.५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको कुल मूल्य अभिवृद्धि १.६७ प्रतिशतले हुने अनुमान रहेको छ भने गत आर्थिक वर्ष यस क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर २.०१ प्रतिशत रहेको थियो।

३.११. आर्थिक वर्ष २०७८/७९ मा खानी तथा उत्खनन् क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ८.६९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदरमा ह्रास आई ०.८८ प्रतिशत कायम रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.२६ प्रतिशत रहने अनुमान रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस क्षेत्रको योगदान ०.२८ प्रतिशत रहेको थियो।

### द्वितीय क्षेत्र

३.१२. आर्थिक वर्ष २०७९/८० मा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि २.०४ प्रतिशतले ऋणात्मक हुने अनुमान छ। पछिल्लो ५ वर्षमा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर वार्षिक औसत २.७१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/८९ मा कुल मूल्य अभिवृद्धिमा उत्पादनमूलक उद्योगको योगदान ४.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो योगदानमा ह्रास आई ४.१४ प्रतिशत कायम हुने अनुमान छ।

३.१३. आर्थिक वर्ष २०७८/७९ मा विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवाको कुल मूल्य अभिवृद्धि २४.७६ ले वृद्धि भएकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धि १६.७९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ०.९५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान ०.९४ प्रतिशत हुने अनुमान छ।

३.१४. आर्थिक वर्ष २०७९/८० मा पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर २.७९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा यस क्षेत्रको वृद्धिदर २.०५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.५७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान ०.६२ प्रतिशत रहेको थियो।

३.१५. आर्थिक वर्ष २०७८/७९ मा निर्माण क्षेत्र ७.२९ प्रतिशतले विस्तार भएकोमा चालु आर्थिक वर्षमा यस क्षेत्रको वृद्धिदर २.०९ प्रतिशतले सङ्कुचन हुने अनुमान रहेको छ। यसैगरी, आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान ७.९८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान ७.६ प्रतिशत रहने अनुमान रहेको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा योगदान गर्ने प्रमुख पाँच क्षेत्रमा पर्ने यस क्षेत्रको योगदान लगातार घट्दो क्रममा छ। यस क्षेत्रको पाँच वर्षको औसत योगदान ८.२९ प्रतिशत र औसत वृद्धिदर ३.७८ प्रतिशत रहेको छ।

### सेवा क्षेत्र

३.१६. आर्थिक वर्ष २०७८/७९ मा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ७.३९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस क्षेत्रको वृद्धिदर २.९१ प्रतिशतले ऋणात्मक हुने अनुमान छ। कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान गत आर्थिक वर्षमा ९.४१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ८.८८ प्रतिशत हुने अनुमान रहेको छ। विगत पाँच वर्षको यस क्षेत्रको

औसत योगदान ९.०७ प्रतिशत र औसत कुल मूल्य अभिवृद्धिको वृद्धिदर १.९९ प्रतिशत रहेको छ।

३.१७. आर्थिक वर्ष २०७८/७९ मा आवास तथा भोजन सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर १२.३९ प्रतिशत रहेकामा चालु आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर १८.०२ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान १.३७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस क्षेत्रको योगदान १.५९ प्रतिशत रहने अनुमान छ। विगत पाँच वर्षको यस क्षेत्रको औसत योगदान २.९९ प्रतिशत रहेको छ।

३.१८. आर्थिक वर्ष २०७८/७९ मा यातायात तथा भण्डारण क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ४.६१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा संकुचन आई ०.५१ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा यस क्षेत्रको योगदान ३.०५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा भने यस्तो योगदान ३.४० प्रतिशत हुने अनुमान छ।

३.१९. आर्थिक वर्ष २०७८/७९ मा वित्तीय तथा बिमा क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ८.९४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस क्षेत्रको वृद्धिदर ७.८७ प्रतिशत हुने अनुमान छ। यसैगरी, आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान २.६२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो योगदानमा सामान्य सुधार आई २.८ प्रतिशत हुने अनुमान छ।

३.२०. जग्गा र घरको खरिद बिक्री सेवा र भाडा सेवा क्रियाकलाप बढ्दै गएकाले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा घरजग्गा कारोबार क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ४.५४ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो वृद्धिदर ३.६९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान २.६१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २.६४ प्रतिशत रहने अनुमान छ। विगत पाँच वर्षको यस क्षेत्रको औसत योगदान २.६८ प्रतिशत र औसत वृद्धिदर ३.३८ प्रतिशत रहेको छ।

३.२१. आर्थिक वर्ष २०७८/७९ मा सूचना तथा सञ्चार क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ३.६२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.८८ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान १.६९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यसको योगदान १.६० प्रतिशत रहने अनुमान छ।

३.२२. आर्थिक वर्ष २०७८/७९ मा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ३.३० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.९६

प्रतिशत रहने अनुमान छ। यसैगरी, आर्थिक वर्ष २०७९/८० मा कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.४३ प्रतिशत रहने अनुमान छ।

३.२३. आर्थिक वर्ष २०७८/७९ मा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर २.१५ प्रतिशतले रहेको चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ४.१७ प्रतिशत कायम रहने अनुमान छ। चालु आर्थिक वर्ष कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.१३ प्रतिशत रहने अनुमान छ।

३.२४. आर्थिक वर्ष २०७८/७९ मा सार्वजनिक प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ४.०८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ५.०३ प्रतिशतले वृद्धि हुने अनुमान छ। यस क्षेत्रको आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा योगदान १३.७४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान १४.८१ प्रतिशत रहने अनुमान छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको विगत पाँच वर्षको औसत योगदान १३.७९ प्रतिशत र औसत वृद्धिदर ४.८१ प्रतिशत रहेको छ।

३.२५. आर्थिक वर्ष २०७८/७९ मा शिक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ४.६९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ४.० प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान १३.४३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान १३.७७ प्रतिशत रहने अनुमान छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको विगत पाँच वर्षको औसत योगदान १३.४३ प्रतिशत र औसत वृद्धिदर ४.३४ प्रतिशत रहेको छ।

३.२६. आर्थिक वर्ष २०७९/८० मा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ६.४१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ७.०४ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान २.४० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा सीमान्त सुधार भई यस्तो योगदान २.६१ प्रतिशत रहने अनुमान छ।

३.२७. अन्य सेवाका क्षेत्र (कला, मनोरञ्जन, तथा अन्य रोजगारदाता घरपरिवारका क्रियाकलाप र आफ्नो उपयोगको लागि घरपरिवारको वस्तु तथा सेवा उत्पादनका क्रियाकलाप) को कुल मूल्य अभिवृद्धिको वृद्धिदर आर्थिक वर्ष २०७८/७९ मा ४.५१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ५.०८ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा केही कमी आई ०.३९ प्रतिशत रहने अनुमान छ।

### प्रदेशको प्रतिव्यक्ति आय

३.२८. प्रदेश स्थापना पश्चातका वर्षहरुमा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा सुधार भएको छ। आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३९९ अमेरिकी डलर रहने अनुमान छ। साथै, सुदूरपश्चिम प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,०६३ अमेरिकी डलर रहने अनुमान रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,०६३ अमेरिकी डलर रहेको थियो।

चित्र ३-७ राष्ट्रिय र सुदूरपश्चिम प्रदेशको प्रतिव्यक्ति आयको तुलना




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०* *अनुमानित

# ४. सार्वजनिक वित्त

४.१. प्रदेश सरकार स्थापना भए देखि नै आर्थिक नीति, बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनमा नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत सुधारका कार्यलाई निरन्तर प्राथमिकता दिईएको हुँदा सार्वजनिक वित्त व्यवस्थापनमा अपेक्षित उपलव्धि देखिन थालेका छन्। सार्वजनिक खर्चको पारदर्शीता र गुणस्तर अभिवृद्धि हुँदै गएको छ। प्रदेशको आन्तरिक राजस्व परिचालन अझै पनि सुदृढ हुन नसकेकोले स्रोत परिचालनमा संघीय सरकारमा निर्भर हुनु परेको छ। प्रदेशको आन्तरिक राजस्वको कराधार विस्तार गरी स्रोत परिचालनलाई थप प्रभावकारी बनाउन आवश्क देखिन्छ।

## सरकारी वित्तको तुलनात्मक स्थिति

४.२. आर्थिक वर्ष २०७९/८० को कुल विनियोजन रु. ३६ अर्ब ४३ करोड १४ लाख मध्ये चालु तर्फ ३३.६३ प्रतिशत र पुंजीगत तर्फ ६६.३७ प्रतिशत विनियोजन भएको छ। आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा विनियोजना १६.८६ प्रतिशतले वृद्धि भएको छ।

तालिका ४-१ प्रदेशको चालु र पुँजीगत तर्फको विनियोजन (रु. लाखमा)

| आर्थिक वर्ष | चालु | पुँजीगत | कुल विनियोजन | वृद्धि | चालु (प्रतिशत) | पुँजीगत (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| २०७४/७५ | ८४३४ | १७७१ | १०२०५ | | ८२.६५ | १७.३५ |
| २०७५/७६ | १३९२९१ | ११७१४८ | २५६४३९ | | ५४.३२ | ४५.६८ |
| २०७६/७७ | १३५३४३ | १५६९८६ | २९२३३० | १४.०० | ४६.३० | ५३.७० |
| २०७७/७८ | १६१०२३ | १८५४२६ | ३४६४४९ | १८.५१ | ४६.४८ | ५३.५२ |
| २०७८/७९ | १२५७३५ | १८६०२० | ३११७५६ | -१०.०१ | ४०.३३ | ५९.६७ |
| २०७९/८० | १२२५०१ | २४१८१३ | ३६४३१४ | १६.८६ | ३३.६३ | ६६.३७ |

*स्रोतः सुदुरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय, २०७९* *फागुनसम्मको*

४.३. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मको प्रदेशको कुल खर्च रु. ७ अर्ब ३ करोड ८० लाख रहेकोमा आर्थिक वर्ष २०७९/८० को सोही अवधिसम्मको तुलनामा २२.६० प्रतिशतले वृद्धि भई रू. ८ अर्ब ६२ करोड ८३ लाख पुगेको छ। आर्थिक वर्ष २०७८/७९ सोही अवधिको तुलनामा चालु खर्च ०.५० प्रतिशत घटेको छ भने र पुँजीगत खर्च ५१.६१ प्रतिशतले वृद्धि भएको छ।

४.४. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मको प्रदेशको कुल आय रु. १८ अर्ब ३६ करोड १८ लाख रहेकोमा संघिय अनुदान र नगद मौज्दातमा भएको उल्लेख्य वृद्धिका कारण चालु आर्थिक वर्षको सोही अवधिमा ११.८० प्रतिशतले वृद्धि भई कुल आय रु. २० अर्ब ५२ करोड ७७ लाख पुगेको छ।

४.५. प्रदेशको आन्तरिक राजस्वको स्रोत र दायरा सिमित हुँदा आन्तरिक राजस्व संकलनमा सुधार आउन सकेको छैन। चालु आर्थिक वर्षमा मुलुकको आर्थिक क्रियकलापमा सिथिलता आउँदा समग्र राजस्व असुलीमा समेत यसको प्रभाव पर्न गएको छ। फलस्वरूप, चालु आर्थिक वर्षको फागुनसम्म गत बर्षको सोही अवधिको तुलनामा राजस्व सङ्कलन ०.८८ प्रतिशतले घटेको छ।

४.६. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेशको संचित कोषमा ५.०८ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ८९ करोड ९४ लाख रहेको छ। सोही अवधिमा राजस्व बचत रु. १ अर्ब ६६ करोड ८५ लाख रहेको छ।

तालिका ४-२ प्रदेश सरकारको वित्तको स्थिति (रु. लाखमा)

| विवरण | २०७८/७९* | २०७९/८०* | बद्धि (प्रतिशत) |
|---|---|---|---|
| कुल प्रादेशिक राजस्व, अनुदान र अन्य प्राप्ति | १८३६१८ | २०५२७७ | ११.८० |
| कुल प्रादेशिक राजस्व (क+ख+ग) | ५६१६९ | ५५६७७ | -०.८८ |
| आन्तरिक कर राजस्व (क) | ५१७३ | ५३८६ | ४.१२ |
| आन्तरिक गैरकर राजस्व (ख) | २९५९ | २१६२ | -२६.९३ |
| संघबाट बाँडफाँट भई आउने राजस्व (ग) | ४८०३६ | ४८१२८ | ०.१९ |
| संघीय सरकारबाट प्राप्त अनुदान | ७०६८८ | ७८०५५ | १०.४२ |
| प्रादेशिक खर्च (चालु खर्च+पुँजीगत खर्च) | ७०३८० | ८६२८३ | २२.६० |
| चालु खर्च | ३९१८७ | ३८९९२ | -०.५० |
| पुँजीगत खर्च | ३११९३ | ४७२९१ | ५१.६१ |
| बजेट बचत (+)/न्यून (-) | ११३२३८ | ११८९९४ | ५.०८ |
| सञ्चित कोष बचत(+)/न्यून(-) | ११३२३८ | ११८९९४ | ५.०८ |
| राजस्व बचत (+)/न्यून (-) | १६९८२ | १६६८५ | -१.७५ |

*स्रोतः सुदुरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय, २०७९* **फागुनसम्मको*

## सार्वजनिक वित्तको आकार र प्रवृत्ति

४.७. आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बजेट बचत र राजस्व सन्तुलनमा केही सुधार आएको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारको बजेट बचत र कुल गार्हस्थ्य उत्पादनको अनुपात १.६४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात २.६३ प्रतिशत रहेको छ।

४.८. आर्थिक वर्ष २०७७/७८ मा राजस्व सन्तुलन र कुल गार्हस्थ्य उत्पादनको अनुपात ०.६६ प्रदेशले ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात ०.१५ प्रतिशतले धनात्मक रहेको छ।

चित्र ४-१ बजेट तथा राजस्व सन्तुलनको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




*स्रोतः सुदुरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय, २०७९* **फागुनसम्मको*

४.९. आर्थिक वर्ष २०७७/७८ को प्रदेश सरकारको कुल आय र कुल गार्हस्थ्य उत्पादनको अनुपात ८.२९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात ८.१७ प्रतिशत रहेको छ।

तालिका ४-३ सार्वजनिक वित्तका सूचक (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| प्रादेशिक खर्च | ५.१४ | ५.७१ | ६.६५ | ५.५५ |
| चालु खर्च | २.५२ | २.७० | ३.०० | २.३७ |
| पुँजीगत खर्च | २.६३ | ३.०२ | ३.६५ | ३.१८ |
| प्रादेशिक राजस्व | २.३६ | २.०३ | २.३३ | २.५१ |
| आन्तरिक राजस्व | ०.२५ | ०.२८ | ०.३७ | ०.३५ |
| बाँडफाँटबाट प्राप्त राजस्व | २.११ | १.७५ | १.९६ | २.१६ |
| संघबाट भएको वित्तीय हस्तान्तरण | ४.६९ | ४.३१ | ३.७७ | ४.१५ |
| अन्य प्राप्ति | ०.२८ | १.८२ | २.१८ | १.५१ |
| प्रादेशिक आय | ७.३३ | ८.१६ | ८.२९ | ८.१७ |
| बजेट बचत(+)/न्यून(-) | २.१८ | २.४५ | १.६४ | २.६३ |
| प्रादेशिक सञ्चित कोष बचत(+)/न्यून(-) | २.१८ | २.४५ | १.६४ | २.६३ |
| राजस्व सन्तुलन बचत(+)/न्यून(-) | -०.१५ | -०.६७ | -०.६६ | ०.१४ |

*स्रोतः सुदुरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय, २०७९* **फागुनसम्मको*

४.१०. आर्थिक वर्ष २०७७/७८ को प्रदेश सरकारको कुल खर्च र कुल गार्हस्थ्य उत्पादनको अनुपात ६.६५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात ५.५५ प्रतिशत रहेको छ।

चित्र ४-२ प्रदेशगत खर्च र राजस्व स्थिति (कुल गार्हस्थयको अनुपातमा प्रतिशतमा)




*स्रोतः सुदुरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय, २०७९* **फागुनसम्मको*

४.११. आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ को अवधिमा कुल गार्हस्थ्य उत्पादनमा चालु र पुँजीगत खर्चको अनुपात बढेको छ भने २०७८/७९ मा अघिल्लो वर्षको तुलनामा घटेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा चालु खर्च र पुँजीगत खर्चको अनुपात क्रमशः २.३७ प्रतिशत र ३.१८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुपात क्रमशः ३.० प्रतिशत र ३.६५ प्रतिशत रहेको थियो।

४.१२. कुल राजस्व सङ्कलनमध्ये कर राजस्वको हिस्सा उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०७७/७८ को प्रदेश सरकारको कुल राजस्व र कुल गार्हस्थ्य उत्पादनको अनुपात २.३२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात २.५ प्रतिशत रहेको छ। यसै गरी कर राजस्व र गैर कर राजस्वको यस्तो अनुपात क्रमशः २.४० प्रतिशत र ०.०९ प्रतिशत रहेको छ।

चित्र ४-३ प्रदेश सरकारको राजस्वको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




*स्रोतः सुदुरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय, २०७९* **फागुनसम्मको*

## प्रदेश सरकारको खर्च संरचना

४.१३. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल खर्च रु. ७ अर्ब ३ करोड ८० लाख रहेकोमा आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा २२.६ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ६२ करोड ८३ लाख रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्मको कुल खर्चमा चालु खर्च र पुँजीगत खर्चको अनुपात क्रमशः ४५.१९ प्रतिशत र ५४.८१ प्रतिशत रहेको छ।

४.१४. आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७८/७९ सम्मको अवधिमा कुल खर्चमा पुँजीगत खर्चको अनुपात क्रमिक रूपमा बढ्दै गएको र चालु खर्चको अनुपात क्रमिक रूपमा घट्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा कुल खर्चमा चालु खर्चको अनुपात ४५.१३ प्रतिशत र पुँजीगत खर्चको अनुपात ५४.८७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात क्रमशः ४२.७६ प्रतिशत ५७.२४ प्रतिशत रहेको छ।

चित्र ४-४ प्रादेशिक खर्च संरचना (प्रादेशिक खर्चको प्रतिशतमा)




*स्रोतः आर्थिक मामिला मन्त्रालय, २०७९*

## पुँजीगत खर्चको स्थिति विश्लेषण

४.१५. पुँजीगत खर्चको प्रवृत्तिको आधारमा विश्लेषण गर्दा असार महिनामा कुल वार्षिक पुँजीगत भुक्तानीको करिब ५० प्रतिशतको हाराहारीमा भुक्तानी अधिकेन्द्रित भएको देखिन्छ। चालु आर्थिक वर्षको फागुन महिनासम्मको कुल पुँजीगत खर्चको भुक्तानीमा फागुन महिनामा मात्रै २८.४७ प्रतिशत भुक्तानी भएको छ।

तालिका ४-४ पुँजीगत खर्चको भुक्तानी प्रवृत्ति (प्रतिशतमा)

| महिना | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|
| साउन | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भदौ | ०.०० | ०.०० | ०.४२ | ०.०० |
| असोज | ०.०० | ४.१६ | ३.२० | १२.८४ |
| कार्तिक | ४.९५ | ३.७४ | १.७१ | ७.४७ |
| मंसिर | ३.६५ | २.४४ | १.४६ | ५.७४ |
| पौष | ५.८८ | ५.४३ | ६.३६ | २९.७५ |
| माघ | ५.१६ | ६.५४ | ४.२७ | १५.७३ |
| फागुन | ५.३८ | ५.९१ | ८.६९ | २८.४७ |
| चैत्र | १.९१ | १३.२३ | १३.०२ | |
| वैशाख | २.३९ | ४.८५ | ७.२८ | |
| जेठ | ११.७२ | ७.०१ | ७.९२ | |
| असार | ५८.९६ | ४६.६९ | ४५.६७ | |
| जम्मा | १००.०० | १००.०० | १००.०० | १००.०० |

*स्रोतः सुदूरपश्चिम प्रदेश, प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७९*

४.१६. प्रदेश सरकारको खर्च गर्न सक्ने क्षमतामा भएको वृद्धिका कारण पुँजीगत खर्चमा समेत वृद्धि हुँदै गएको छ। विगत पाँच बर्षमा विनियोजनको तुलनामा पुँजीगत खर्च आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा बढी ६९.०८ प्रतिशत भएको थियो भने आर्थिक वर्ष २०७४/७५ मा सबैभन्दा कम ५३.०८ प्रतिशत भएको थियो।

## चालु खर्चको स्थिति विश्लेषण

४.१७. प्रदेशका स्थायी संरचनाहरू बढेसँगै चालु खर्चको विनियोजन र खर्च पनि सोही अनुरुप बढ्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७९/८० फागुनसम्म चालु खर्च रु. ३ अर्ब ८९ करोड ८३ रहेकोमा गत आर्थिक वर्षको सोही अवधिमा रु. ३ अर्ब ९१ करोड ७८ लाख खर्च भएको थियो।

तालिका ४-५ विनियोजनको तुलनामा चालु खर्चको स्थिति (रु. लाखमा)

| आर्थिक वर्ष | चालु विनियोजन | चालु खर्च | प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| २०७४/७५ | ८४३४ | १६५८ | १९.६६ |
| २०७५/७६ | १३९२९२ | ६९३०८ | ४९.७६ |
| २०७६/७७ | १३५३४३ | ८३२३६ | ६१.५० |
| २०७७/७८ | १६१०२४ | १०३६६३ | ६४.३८ |
| २०७८/७९ | १२५७३६ | ८९२५३ | ७०.९८ |
| २०७९/८०* | १२२५०१ | ३८९८३ | ३१.८२ |

*स्रोतः सुदुरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय, २०७९* **फागुनसम्मको*

४.१८. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म चालु विनियोजन मध्ये ३१.८२ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस्तो खर्च २९.०२ रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा चालु विनियोजनको तुलनामा खर्च ७०.९८ प्रतिशत रहेको थियो।

## प्रदेशको राजस्व संरचना

४.१९. चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश सरकारको राजस्व परिचालन गत आर्थिक वर्षको सही अवधिको तुलनामा ०.८८ प्रतिशतले कमी आई रु. ५ अर्ब ५६ करोड ७७ लाख रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा राजस्व परिचालन रु. ५ अर्ब ६१ करोड ६९ लाख रहेको थियो।

४.२०. चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश सरकारलाई संघबाट राजस्व बाँडफाँट वाफत प्राप्त रु. ४ अर्ब ८१ करोड २८ लाख प्राप्त भएको छ। गत आर्थिक वर्ष सोही अवधिमा रु. ४ अर्ब ८ करोड ३६ लाख राजस्व बाँडफाँटबाट प्राप्त भएको थियो।

४.२१. चालु आर्थिक वर्षको फागुनसम्म परिचालन भएको राजस्व मध्ये आन्तरिक राजस्व र बाँडफाँट भएको राजस्वको हिस्सा क्रमशः १३.६५ प्रतिशत र ८६.४४ प्रतिशत रहेको छ। यस्तो हिस्सा आर्थिक वर्ष २०७८/७९ मा १३.९५ प्रतिशत र ८६.०५ प्रतिशत रहेको थियो।

चित्र ४-५ प्रादेशिक राजस्व संरचना (प्रतिशतमा)




४.२२. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कुल सरकारी आयमा संघ सरकारबाट प्राप्त अनुदानको हिस्सा ३८.०२ प्रतिशत रहेको छ भने आन्तरिक राजस्वको हिस्सा सबै भन्दा कम ३.३८ प्रतिशत रहेको छ।

चित्र ४-६ प्रदेश सरकारको आय संरचना (प्रतिशतमा)




*स्रोत: आर्थिक मामिला मन्त्रालय, २०७९*

४.२३. आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारको बाँडफाँटबाट प्राप्त राजस्व सहित कुल कर राजस्व १९.९ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो राजस्व २४.१४ प्रतिशतले वृद्धि भएको थियो।

तालिका ४-६ सरकारी आयको वृद्धिदर (प्रतिशतमा)

| आयको स्रोत | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|
| कर राजश्व[१] | -५.६० | २४.१४ | १९.९० |
| गैरकर राजश्व | १३६.३२ | १६१.७७ | -२७.५० |
| कुल राजश्व | -३.८९ | २८.२१ | १७.०३ |
| अनुदान प्राप्ति | २.८६ | -१.८० | १९.८८ |
| नगद मौज्दात | ६३६.०९ | ३४.५८ | -२४.६८ |
| रोयल्टी | | | ३२.१३ |
| कुल सरकारी आय | २४.५५ | १३.९६ | ७.३८ |

*स्रोतः सुदुरपश्चिम प्रदेश, आर्थिक मामिला मन्त्रालय, २०७९*

*[१] प्रदेशको आन्तरिक कर राजस्व र संघबाट प्राप्त राजस्व बाँडफात सहित।*

## स्थानीय तहमा भएको वित्तिय हस्तान्तरण

४.२४. चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश सरकारले स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान गरी कुल रू. ६८ करोड ८८ लाख हस्तान्तरण भएको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल कुल वित्तीय हस्तान्तरण रु. १ अर्ब ९१ करोड १७ लाख भएको थियो।

तालिका ४-७ स्थानीय तहलाई वित्त हस्तान्तरण (रू. लाखमा)

| आर्थिक वर्ष | विनियोजित बजेट | वित्तीय हस्तान्तरण | प्रतिशत |
|---|---|---|---|
| २०७५/७६ | २१२०० | १०३८७ | ४९.०० |
| २०७६/७७ | २७०३५ | २३०१७ | ८५.१४ |
| २०७७/७८ | २८२९१ | २५३१५ | ८९.४८ |
| २०७८/७९ | २३२१६ | १९११७ | ८२.३५ |
| २०७९/८०* | १४७८५ | ६८८८ | ४६.५९ |

*स्रोतः सुदुरपश्चिम प्रदेश, प्रदेश लेखा नियन्त्रक कार्यालय, २०७९* **फागुनसम्मको*

४.२५. सुरु विनियोजनको तुलनामा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म सशर्त, विशेष र समपुरक अनुदान हस्तान्तरणको अनुपात क्रमशः २४.८३ प्रतिशत ३१.०९ प्रतिशत र ३९.८९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ७९.९१ प्रतिशत, ८५.८३ प्रतिशत र ६१.१३ प्रतिशत रहेको थियो।

तालिका ४-८ विनियोजनको तुलनामा वित्तीय हस्तान्तरणको अवस्था

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| शसर्त अनुदान | | ९५.०३ | ९२.६३ | ७९.९१ | २४.८३ |
| विशेष अनुदान | ३१.३९ | ९१.७८ | ९५.६१ | ८५.८३ | ३१.०९ |
| समपुरक अनुदान | २६.१८ | ६६.८२ | ७७.५८ | ६१.१३ | ३९.८९ |

*स्रोतः सुदुरपश्चिम प्रदेश, प्रदेश लेखा नियन्त्रक कार्यलिय, २०७९* **फागुनसम्मको*

४.२६. चालु आर्थिक वर्षको फागुनसम्म रू. १८ करोड १५ लाख राजस्व बाँडफाँट बापत प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेको छ। गत आर्थिक वर्षमा यस्तो बाँडफाँटबाट रु. २२ करोड ५८ लाख स्थानीय तहलाई हस्तान्तरण भएको थियो।

# ५. बैंक तथा वित्तीय क्षेत्र

५.१. मुलुकको शासकीय स्वरुप संघीयतामा रुपान्तरण भएसँगै बैङ्क तथा वित्तिय क्षेत्रको पनि विस्तार हुँदै गएको छ। प्रत्येक स्थानीय तहमा वाणिज्य बैंकको अनिवार्य उपस्थिति हुनपर्ने नीतिगत व्यवस्थाका कारण सुदूरपश्चिम प्रदेशमा समेत बैंक तथा वित्तीय संस्था, बिमा, सहकारी क्षेत्र, पूँजीबजार तथा डिजिटल वालेट सेवा प्रदायक संस्थाका सेवा तथा शाखाको विस्तार पनि बढ्दो क्रममा रहेको छ।

## वित्तीय संरचना तथा वित्तीय सेवा विस्तार

५.२. बझाङ्गको साइपाल गाउँपालिका बाहेक सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाको शाखा पुगेको भएको छ।

५.३. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म यस प्रदेशमा वाणिज्य बैंकका ३ सय २६, विकास बैंकका ५२, वित्त कम्पनिका ६ र लघुवित्त संस्थाका ४ सय ४८ सहित बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ८ सय ४३ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ८ सय ४० रहेको थियो।

५.४. यस प्रदेशमा कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषका १/१ शाखा रहेका छन्।

तालिका ५-१ सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या

| संस्था | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| वाणिज्य बैङ्क | २५६ | २९३ | ३१७ | ३२९ | ३२६ |
| विकास बैङ्क | ६५ | ६२ | ४६ | ५२ | ५२ |
| वित्त कम्पनी | ३ | ६ | ६ | ६ | ६ |
| लघुवित्त वित्तीय संस्था | ३१२ | ३४९ | ४०८ | ४५३ | ४५८ |
| **कुल शाखा संख्या** | **६३६** | **७१०** | **७७७** | **८४०** | **८४३** |

*स्रोतः नेपाल राष्ट्र बैंक, धनगढी* **फागुनसम्मको*

५.५. प्रदेशगतरूपमा चालु आर्थिक वर्षको फागुन मसान्तसम्म वाणिज्य बैङ्क, विकास बैङ्क र वित्त कम्पनीका शाखा संख्याको सबैभन्दा कम कर्णाली प्रदेशमा २ सय २६ र सबैभन्दा बढी बागमती प्रदेशमा २ हजार २ सय ५८ शाखा रहेका छन्।

५.६. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेश अन्तर्गतका बैंक तथा वित्तीय संस्थाले प्रति शाखा सेवा प्रवाह गरेको जनसंख्या ७ हजार १८ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसंख्या ७ हजार १ सय १६ रहेको थियो।

५.७. प्रति शाखा सेवा प्रवाह गरेको जनसंख्या अनुपात सबैभन्दा बढी मधेश प्रदेशमा ८ हजार ६ सय २४ रहेको छ भने सबैभन्दा कम बागमती प्रदेशमा २ हजार ७ सय ९ रहेको छ।

चित्र ५-१ बैंक तथा वित्तिय संस्थाको प्रदेशगत प्रति शाखा सेवा प्रवाह गरेको जनसंख्या




*स्रोतः नेपाल राष्ट्र बैंक, २०७९* **फागुनसम्मको*

५.८. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा रहेका बैङ्क तथा वितीय संस्थाको शाखा संख्या सबैभन्दा बढी कैलालीमा १ सय ६७ र सबैभन्दा कम बाजुरामा १४ रहेको छ।

५.९. चालु आर्थिक वर्षको फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको प्रति शाखा सेवा प्रवाह सबैभन्दा बढी बैतडीमा १२ हजार ७ सय ५४ र सबैभन्दा कम कैलालीमा ५ हजार ४ सय १७ रहेको छ।

तालिका ५-२ जिल्लागत बैंक तथा वित्तिय संस्थाको वर्ग अनुरूपको शाखा संख्या र प्रति शाखा जनसंख्या

| जिल्ला | वाणिज्य बैङ्क | विकास बैङ्क | वित्त कम्पनी | जम्मा | प्रति शाखा जनसंख्या |
|---|---|---|---|---|---|
| डोटी | १९ | १ | ० | २० | १०,२४२ |
| बझाङ | १८ | १ | ० | १९ | ९,९५२ |
| कैलाली | १३२ | ३० | ५ | १६७ | ५,४१७ |
| बाजुरा | १३ | १ | ० | १४ | ९,८९५ |
| अछाम | १८ | ३ | ० | २१ | १०,८९८ |
| कञ्चनपुर | ६६ | ११ | १ | ७८ | ६,५८७ |
| दार्चुला | १९ | २ | ० | २१ | ६,३४८ |
| बैतडी | १७ | २ | ० | १९ | १२,७४५ |
| डडेल्धुरा | २४ | १ | ० | २५ | ५,५८४ |

| | | | | | |
|---|---|---|---|---|---|
| **सुदूरपश्चिम** | ३२६ | ५२ | ६ | ३८४ | ७,०१८ |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०७९* **फागुनसम्मको*

५.१०. २०७९ माघसम्ममा सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाका २ सय १८ ए.टि.एम. मेसिन सञ्चालनमा रहेका छन् भने सक्रिय क्रेडिट कार्ड ४ हजार ६ सय ६२, सक्रिय डेबिट कार्ड ४ लाख २७ हजार ८ सय ९१ र सक्रिय प्रिपेड कार्ड ४ सय ९५ रहेको छ। बैङ्क शाखाहरू विस्तार भएसँगै सुदूरपश्चिम प्रदेशमा बैङ्क खाता खोल्ने र डेविड कार्ड लिनेको संख्यामा उल्लेख्य वृद्धि भएको छ।

५.११. प्रदेशमा ब्रोडब्याड इन्टरनेट र मोवाइल इन्टरनेट प्रयोगमा विस्तार भए सँगै इन्टरनेट बैंकिङ्ग र मोवाईल बैंकिङ्गको प्रयोगकर्ताको संख्यामा समेत वृद्धि हुन गएको छ। आर्थिक वर्ष २०७८/७९ मा सक्रिय इन्टरनेट बैकिङ्ग र मोवाइल बैकिङ्गका प्रयोगकर्ता क्रमशः २ लाख ५ हजार ३५८ र ७ लाख ६३ हजार ६ सय २१ रहेकोमा आर्थिक वर्ष २०७९/८० को माघ मसान्तमा सो संख्यामा वृद्धि भई क्रमशः २ लाख ७ हजार २ सय ७७ र ९ लाख ५४ हजार ४ सय ८ पुग्न गएको छ।

तालिका ५-३ सुदूरपश्चिम प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको विद्युतीय सेवा लिने प्रयोगकर्ताको अवस्था

| विवरण | २०७८/७९ | २०७९/८०* |
|---|---|---|
| कुल दर्ता भएका क्रेडिट कार्ड | ५३९८ | ६८३७ |
| सक्रिय क्रेडिट कार्ड | ३६४३ | ४६६२ |
| कुल दर्ता भएका डेबिट कार्ड | ५०८४४६ | ६४६१९२ |
| सक्रिय डेबिट कार्ड | ३५१२६७ | ४२७८९१ |
| कुल दर्ता भएका प्रिपेड कार्ड | ४०६ | ५९६ |
| सक्रिय प्रिपेड कार्ड | ३२२ | ४९५ |
| कुल दर्ता भएका सक्रिय इन्टरनेट बैकिङ्ग | ३६२८२ | ४३२२२ |
| सक्रिय इन्टरनेट बैकिङ्ग | २५३५८ | २७२७७ |
| कुल दर्ता भएका मोवाइल बैकिङ्ग | १०५०९५१ | १२६७३९२ |
| सक्रिय मोवाइल बैकिङ्ग | ७६३६२१ | ९५४४०८ |
| एटिएम | २०४ | २१८ |

*स्रोतः नेपाल राष्ट्र बैंक, धनगढी* **माघ मसान्तसम्म*

५.१२. आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म नेपालमा बैङ्क तथा वित्तीय संस्थाको कुल निक्षेप संकलन रु. ५ खर्व ३८ अर्ब रहेको छ। नेपालको कुल निक्षेप संकलनको तुलनामा सुदुर पश्चिम प्रदेशको निक्षेप संकलनको योगदान २.१९ प्रतिशत मात्र रहेको छ।

५.१३. आर्थिक वर्ष २०७९/८० को माघ मसान्तमा कुल खाता सङ्ख्या ३२ लाख ९१ हजार रहेको छ। उक्त अवधिमा रु. १ खर्व १७ अर्ब ९६ करोड निक्षेप सङ्कलन भएको छ। २०७९ असार मसान्तको तुलनामा २०७९ माघ महिनासम्म निक्षेप खाता संख्या ८.९५ प्रतिशत र निक्षेप सङ्कलन १.९९ प्रतिशतले वृद्धि भएको छ।

तालिका ५-४ निक्षेप खाता र संकलनको स्थिति

| निक्षेप | खाता संख्या | | रकम (लाख) | |
|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८०* | २०७८/७९ | २०७९/८०* |
| चल्ती | २९०८५७ | ३०४११७ | १७४००२ | १४९५४७ |
| बचत | २६६३३७६ | २९०२७२७ | ५५०५३० | ५३०२५४ |
| मुद्दती | ४९०४८ | ६६८३३ | ३७८५४४ | ४४६९७१ |
| अन्य निक्षेप | १८४५ | १०८५ | १२९० | १८४२ |
| कल निक्षेप | १०५०६ | ११२४० | ४४६१६ | ४५११० |
| मार्जिन निक्षेप | ५०३५ | ४९७९ | ७४७० | ५८३७ |
| जम्मा | ३०२०६६७ | ३२९०९८१ | ११५६४५१ | ११७९५६१ |

*स्रोतः नेपाल राष्ट्र बैंक, धनगढी, २०७९* **माघसम्म*

## वित्तीय स्रोत तथा वित्तीय साधन परिचालनको अवस्था

५.१४. सुदूरपश्चिम प्रदेशमा २०७९ असारमसान्तमा कुल ऋणी संख्या १ लाख ४१ हजार ५ सय ६१ र कुल कर्जा प्रवाह रु. १ खर्ब ४९ अर्ब ५६ करोड रहेकोमा २०७९ माघसम्म ऋणी संख्या १ लाख २ हजार ५६ र कुल कर्जा प्रवाह रु. १ खर्ब ४० अर्ब ८० करोड पुगेको छ।

५.१५. औद्योगिक वर्गीकरण अनुसार २०७९ माघमसान्तसम्म कुल कर्जा प्रवाह मध्ये थोक तथा खुद्रा व्यापारमा सबैभन्दा बढी ३२.९७ प्रतिशत र सबै भन्दा कम विद्युत, ग्यास र पानीमा ०.२२ प्रतिशत लगानी भएको छ।

तालिका ५-५ औद्योगिक वर्गिकरण अनुसार कर्जा प्रवाहको स्थिति

| औद्योगिक बर्गीकरण | २०७८/७९ | | | २०७९/८०* | | |
|---|---|---|---|---|---|---|
| | कुल प्रवाहित ऋण संख्या | कर्जा प्रवाह (लाखमा) | प्रतिशत | कुल प्रवाहित ऋण संख्या | कर्जा प्रवाह (लाखमा) | प्रतिशत |
| कृषि तथा वन | ३८९४७ | १५३४९५ | १०.२६ | १४०७३ | १४९७५५ | १०.६४ |
| मत्स्यपालन | ३८६ | ६२६७ | ०.४२ | २६४ | ६९१० | ०.४९ |
| खानी तथा उत्खनन् | ५६ | १५४४ | ०.१० | ५८ | ३१८४ | ०.२३ |
| कृषि, वन र पेय पदार्थ उत्पादन सम्बन्धित | २०६३ | १०४८८१ | ७.०१ | २२५० | १०८०९२ | ७.६८ |
| गैर खाद्य उत्पादन सम्बन्धित | २४९३ | ६९५९१ | ४.६५ | १८३४ | ६८९४७ | ४.९० |
| निर्माण | ३५५८ | ५६२३४ | ३.७६ | २४९२ | ५२१२४ | ३.७० |
| विद्युत, ग्यास र पानी | ५९ | ३२११ | ०.२१ | ५१ | ३०६६ | ०.२२ |
| धातुजन्य वस्तु, मेशिनरी र विद्युतीय उपकरण तथा संयोजन | ७७६ | १९४५८ | १.३० | ६९४ | १९२१८ | १.३६ |
| यातायात, संचार र सार्वजनिक उपयोग | १८७६ | ३०८०८ | २.०६ | १४९५ | २६३३१ | १.८७ |
| थोक तथा खुद्रा व्यापार | २०४७९ | ४८३५६३ | ३२.३३ | १७५६३ | ४६४२७९ | ३२.९७ |
| वित्तीय तथा बिमा क्रियाकलापहरू | ८७ | २४६५८ | १.६५ | ६५ | १९०७३ | १.३५ |
| घर जग्गा | ६७६ | १८८६८ | १.२६ | १८२ | १३६७४ | ०.९७ |
| पर्यटन | १८८९ | ३२८४२ | २.२० | १२९५ | ३२९१८ | २.३४ |
| अन्य सेवाहरू | ७३० | १५३४२ | १.०३ | ६५७ | १११६४ | ०.७९ |
| स्वास्थ्य सेवा र अन्य सामाजिक कार्यहरू | १८८ | ११७६१ | ०.७९ | १८२ | १२५३० | ०.८९ |
| शिक्षा | ८६४ | २२२१० | १.४८ | ९२३ | २६५१४ | १.८८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उपभोग | ३७३९६ | २५४९९६ | १७.०५ | ४०५०७ | २७३७१४ | १९.४४ |
| अन्य | २९०३८ | १८५९०७ | १२.४३ | १७४७२ | ११६४८९ | ८.२७ |
| कुल जम्मा | १४१५६१ | १४९५६३<br>५ | | १०२०५७ | १४०७९८<br>१ | |

*स्रोतः नेपाल राष्ट्र बैंक, धनगढी, २०७९* **माघ मसान्तसम्म*

५.१६. आर्थिक वर्ष २०७९/८० को माघ मसान्तसम्म नेपालको कुल कर्जा प्रवाह रु. ४ खर्व ८६ अर्वको रहेको छ। नेपालको कुल कर्जा प्रवाहमा सुदुरपश्चिम प्रदेशको कर्जा प्रवाह २.९१ प्रतिशत मात्र रहेको छ।

५.१७. २०७९ माघसम्ममा बैंक तथा वित्तीय संस्थाले यस अन्तर्गतका जिल्लामध्ये कैलाली जिल्लामा सबैभन्दा बढी रु. ५७ अर्ब १७ करोडको निक्षेप संकलन गरेका छन् भने बाजुरा जिल्लामा सबैभन्दा कम रु. २ अर्ब ७९ निक्षेप संकलन गरेका छन्। यसैगरी, कैलालीमा सबै भन्दा बढी र बाजुरामा सबै भन्दा कम कर्जा प्रवाह भएको छ।

तालिका ५-६ सुदूरपश्चिम प्रदेशको जिल्लागत निक्षेप संकलन र कर्जा प्रवाहको अवस्था

| आर्थिक वर्ष | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|
| जिल्ला | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| अछाम | ४८८.५ | २६४.८ | ४२७.० | २७२.७ |
| बैतडी | ६०२.४ | १९१.३ | ६०१.८ | १८८.८ |
| बझाङ्ग | ४०७.४ | २१४.१ | ४०३.२ | २१५.३ |
| बाजुर | ३०५.१ | १३९.६ | २७९.२ | १३७.९ |
| डडेलधुरा | ६१८.२ | ४८३.३ | ६४७.९ | ४७४.२ |
| दार्चुला | ५५३.७ | २२७.७ | ५५२.६ | २१९.० |
| डोटी | ५२६.० | ३१४.३ | ४९८.३ | ३०१.७ |
| कैलाली | ५४५७.६ | १०२३८.० | ५७१६.६ | १०३७२.५ |
| कञ्चनपुर | २६०६.७ | २८७३.४ | २७८७.६ | २९६९.६ |
| जम्मा | ११५६५.५ | १४९४६.४ | ११९१४.१ | १५१५१.५ |

*स्रोतः नेपाल राष्ट्र बैंक, धनगढी* **माघसम्म*

५.१८. २०७९ माघसम्म बैंक तथा वित्तिय संस्थामा महिलाको नाममा रहेको खाता सङ्ख्या कैलाली जिल्लामा सबैभन्दा बढी ८ लाख १७ हजार र दार्चुला जिल्लामा सवै भन्दा कम ७३ हजार खाताहरु रहेको छ।

तालिका ५-७ महिला तथा पुरुषको नाममा रहेको खाता सङ्ख्या

| जिल्ला | पुरुषको नाममा रहेको खाता | महिलाको नाममा रहेको खाता | कुल खातामा महिला खाताको हिस्सा |
|---|---|---|---|
| अछाम | १६८ | १३९ | ३२.३९ |
| बैतडी | १६२ | १०१ | २७.८० |

| | | | |
|---|---|---|---|
| बझाङ्ग | ११८ | ९० | ३०.७२ |
| बाजुरा | १०१ | ८१ | ३३.७४ |
| डडेलधुरा | १३९ | ११९ | ३०.७३ |
| दार्चुला | १०० | ७३ | २७.७९ |
| डोटी | १५२ | ११५ | ३१.३१ |
| कैलाली | ९९२ | ८१७ | ३१.०५ |
| कञ्चनपुर | ४९६ | ४६१ | ३४.६७ |
| सुदूरपश्चिम प्रदेश | २४२८ | १९९७ | ३१.६७ |

*स्रोतः नेपाल राष्ट्र बैंक, धनगढी* **फागुनसम्म*

५.१९. २०७९ माघमसान्तसम्म सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान कार्यक्रम अन्तर्गत ९ हजार ३७ जना ऋणीको रु. १३ अर्ब १५ करोड ४२ लाख कर्जा स्वीकृत भएको छ।

तालिका ५-८ सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान कार्यक्रमको स्थिती (रु. लाखमा)

| कर्जाको प्रकार | ऋणी संख्या | स्वीकृत कर्जा | बाँकी कर्जा | नेपालको तुलनामा स्वीकृत कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | ३५१३ | ७४४८० | ६३५६० | ५.७१ |
| बिना धितो | ३२५ | २०७२ | १५२९ | ६.१३ |
| धितो सहितको | ३१८८ | ७२४०८ | ६२०३१ | ५.६७ |
| शिक्षित युवा स्वरोजगार कर्जा | २१ | १०९ | ६४ | १२.३५ |
| विदेशबाट फर्केका युवा परियोजना कर्जा | ५८ | ४०३ | २५८ | ६.२७ |
| महिला उद्यमशील कर्जा | ५३४८ | ५५९७२ | ४१८०७ | ६.३६ |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ९३ | ५६० | ४०५ | ८.७३ |
| उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | ४ | १८ | ११ | ३.१० |
| भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा | - | - | - | - |
| कपडा उद्योग सञ्चालनका लागि | - | - | - | - |
| प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यताप्राप्त संस्थाबाट दिइने तालिम | - | - | - | - |
| **जम्मा** | **९,०३७** | **१३१५४२** | **१०६१०५** | |

*स्रोतः नेपाल राष्ट्र बैङ्क, धनगढी, २०७९* **माघ मसान्तसम्म*

## बिमा

५.२०. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेशमा बिमा कम्पनीको कुल शाखा संख्या ३ सय ८ पुगेको छ।

५.२१. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेशमा कुल सक्रिय जीवन बीमा तर्फ बीमालेख संख्या ४८ लाख २६ हजार ६० को बिमा शुल्क रु. ४ अर्ब ७३ करोड रहेको छ भने निर्जीवन तर्फ बीमालेख सङ्ख्या ९७ हजार ३ सय ५ को बीमा शुल्क ६९ करोड रहेको छ।

## सहकारी क्षेत्र

५.२२. २०७९ असारसम्म प्रदेशमा ३ सय ६२ सहकारी संघ संस्था दर्ता रहेकोमा २०८० फागुन मसान्तसम्म सो संख्या बढेर ३ सय ६५ पुगेको छ । सोही अवधिमा ३ सय ११ सहकारी संघ संस्था सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भएका छन्।

५.२३. २०७९ फागुनमसान्तसम्म प्रदेशको सहकारी संघ संस्थाहरुको कुल शेयर सदस्य संख्या १ लाख ९५ हजार ९३४, शेयर पुँजी रु. ४३ करोड १२ लाख ३५ हजार, कर्जा प्रवाह रु. ७९ करोड २८ लाख ४४ हजार पुगेको छ भने १९ सय जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

तालिका ५-९ सुदूरपश्चिम प्रदेशमा अवस्थित सहकारी संस्थाको विवरण

| आर्थिक वर्ष | २०७५ असारसम्म | २०७६ असारसम्म | २०७७ असारसम्म | २०७८ असारसम्म | २०७९ असारसम्म | २०७९ फागुनसम्म |
|---|---|---|---|---|---|---|
| सहकारी संघ संस्था | ३२९ | ३२९ | ३२९ | ३४४ | ३६२ | ३६५ |
| शेयर सदस्य संख्या | १८८४०० | १८९०२० | १९००५४ | २२१५२० | २२१९४४ | १९५९३४ |
| शेयर पुँजी (रु. हजारमा) | ४३१२३४ | ५११३५२ | ६२१०८० | ८२०४३२ | ८२०७२३ | ७९२८४४ |
| कर्जा प्रवाह (रु. हजारमा) | २८५६७४५ | ३२५६४१८ | ३५४०२३२ | ४६५८४१५ | ५२१४२१५ | ४७५८४५४ |
| प्रत्यक्ष रोजगारी | १८०० | २१५० | २२०० | २३६० | २४८५ | १९०० |
| COPOMIS मा आवद्ध संख्या | ० | ० | २१० | २४० | २९० | ३११ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, २०७९* ** फागुन मसान्तसम्म*

## पुँजी बजार

५.२४. सूचना प्रविधिको पहुँच वृद्धिसँगै प्रदेशमा शेयरको सक्रिय कारोबार गर्नेको सङ्ख्यामा समेत बढोत्तरी हुँदै गएको छ। प्रदेशमा डिम्याट खाता खोल्ने संख्या बढ्दो क्रममा

रहेको छ। प्रदेशमा २०७९ फागुनमसान्तसम्म डिम्याट खाताको संख्या २५ हजार १ सय ५३ पुगेको छ।

# ६. रोजगारी

## रोजगारी

६.१. आर्थिक विकास र गरिबी निवारणमा योगदान पुऱ्याउन "आत्मनिर्भर अर्थतन्त्र हाम्रो चाहनाः समृद्ध प्रदेश हामी सबैको कामना" भन्ने नाराका साथ उद्यमशीलताको विकास, रोजगार एवम् स्वरोजगारमूलक कार्यक्रम, औद्योगिक जनशक्ति उत्पादन र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन रहेका छन्।

६.२. प्रदेशमा रहेका बेरोजगार युवालाई सीपमूलक तालिम र सहुलियत दरमा कर्जा उपलब्ध गराई स्वरोजगार बनाउने उद्देश्यका साथ स्थापना भएको स्वरोजगार विकास कोषले थोक कर्जाका लागि चालु आर्थिक वर्षको फागुन मसान्तसम्म प्रस्ताव पेश भई आएका सहकारीहरूमध्ये मापदण्ड भित्रका योग्य सहकारीलाई पहिलो किस्ता बापत रु. ५ करोड १५ लाख र दोस्रो किस्ता बापत रु. ५ करोड १५ लाख गरी कुल रु. १० करोड ३० लाख ऋण लगानी गरेको छ।

६.३. नेपाल श्रमशक्ति सर्वेक्षण, २०७५/७६ को प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा औसत बेरोजगारी दर नेपालको भन्दा ०.१ प्रतिशतले बढी रहेको छ। सबैभन्दा बढी बेरोजगार दर मधेश प्रदेशमा २०.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम ७.० प्रतिशत बागमती प्रदेशमा रहेको । सुदूरपश्चिम प्रदेशको बेरोजगार दर ११.५ प्रतिशत रहेको छ।

६.४. नेपालको श्रमशक्तिको श्रम बजारमा सहभागिता दर ३८.५ प्रतिशत रहेको छ भने सबैभन्दा बढी गण्डकी प्रदेशको ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको २७.३ प्रतिशत रहेको छ।

६.५. प्रादेशिक तुलनामा प्रतिजनसंख्या रोजगारी दर सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम २४.१ प्रतिशत रहेको छ भने सबैभन्दा बढी बागमती प्रदेशको रहेको छ।

तालिका ६-१ प्रदेशगत रोजगारीको अवस्था (प्रतिशतमा)

| राष्ट्र/प्रदेश | बेरोजगारी दर | | | प्रति जनसंख्या रोजगारी दर | श्रम शक्तिको सहभागिता दर |
|---|---|---|---|---|---|
| | पुरष | महिला | कुल | | |
| **नेपाल** | **१०.३** | **१३.१** | **११.४** | **३४.२** | **३८.५** |
| **कोशी** | ९.१ | ११.९ | १०.२ | ३४.० | ३७.८ |
| **मधेश** | १५.३ | २८.६ | २०.१ | ३१.८ | ३९.७ |
| **बागमती** | ६.९ | ७.२ | ७.० | ४३.८ | ४७.१ |
| **गण्डकी** | ९.४ | ८.४ | ९.० | ३२.५ | ३५.७ |
| **लुम्बनी** | १०.८ | ११.९ | ११.२ | ३३.१ | ३७.३ |

| राष्ट्र/प्रदेश | बेरोजगारी दर | | | प्रति जनसंख्या | श्रम शक्तिको |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | रोजगारी दर | सहभागिता दर |
| **कर्णाली** | ११.७ | ६.० | ९.७ | २४.८ | २७.५ |
| **सुदूरपश्चिम** | ११.५ | ११.५ | ११.५ | २४.१ | २७.३ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०७५/७६ (केन्द्रिय तथ्याङ्क विभाग)*

६.६. सुदूरपश्चिम प्रदेशमा औपचारिक क्षेत्रमा काम गर्ने जनशक्ति १४.८ प्रतिशत रहेको छ भने अनौपचारिक क्षेत्रमा ८५.२ प्रतिशत रहेको छ।

## योगदानमा आधारित सामाजिक सुरक्षा

६.७. सुदूरपश्चिम प्रदेशमा चालु आर्थिक वर्षको फागुनसम्म सामाजिक सुरक्षा कोषमा ६ नयाँ रोजगारदाता र २०६ नयाँ योगदानकर्ता थप भई कुल रोजगारदाताको संख्या २ सय ५६ पुगेको छ भने कुल योगदान कर्ताको संख्या १ हजार ५ सय २३ पुगको छ। सामाजिक सुरक्षा कोषमा आबद्ध भएका योगदानकर्ताको संख्या नेपालको कुल योगदानकर्ता संख्या ३ लाख ९८ हजार ५ सय ८७ को तुलनामा ४.४५ प्रतिशत मात्र हुन आउछ।

६.८. प्रदेशगत रूपमा हेर्दा सामाजिक सुरक्षाकोषमा आबद्ध भएका रोगदारदाता सबैभन्दा बढी बागमती प्रदेशमा १२ हजार २ सय ४१ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा १ हजार २ सय २२ रहेको छ।

तालिका ६-२ कोषमा सामाजिक सुरक्षाआबद्ध भएका रोजगारदाता तथा योगदानकर्तासम्बन्धी विवरण (सङ्ख्यामा)

| आर्थिक वर्ष | सूचीकृत रोजगारदाता | सूचीकृत योगदानकर्ता |
|---|---|---|
| २०७५/७६ | ५० | ० |
| २०७६/७७ | ८४ | ५९२ |
| २०७७/७८ | ७३ | ५१९ |
| २०७८/७९ | ४६ | २०६ |
| २०७९/८०* | ६ | २०६ |
| **जम्म** | **२५६** | **१५२३** |

*स्रोतः आर्थिक सर्वेक्षण, २०८० (अर्थ मन्त्रालय)* **फागुनसम्मको*

## रोजगार मुलक सीप बिकास कार्यक्रम

६.९. आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषबाट ६ वटा सीपमूलक तालिम सञ्चालन गरी ११० महिला र ६९ पुरुष गरी जम्मा १७९ जना लाभान्वित भएका छन।

तालिका ६-३ सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषबाट सञ्चालित सीपमुलक तालिम (२०७९/८० को फागुनसम्म)

| तालिम | तालिम संख्या | महिला | पुरुष | जम्मा लाभान्वित |
|---|---|---|---|---|
| **सिलाई कटाई** | १ | ३० | ० | ३० |
| **कुखुरा पालन** | १ | १० | २० | ३० |
| **वंगुर पालन** | १ | १४ | १४ | २८ |
| **मौरी पालन** | १ | ९ | २० | २९ |
| **तरकारी खेती** | २ | ४७ | १५ | ६२ |
| **जम्मा** | ६ | ११० | ६९ | १७९ |

*स्रोतःस्वरोजगार विकास कोष, २०७९*

# ७. कृषि वन तथा भूमिसुधार

## कृषि क्षेत्रको प्रदेशको स्थिति

७.१. सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशको खाद्य सुरक्षा एवं पोषण सुरक्षाको प्रत्याभुति गर्दै गरिबी न्यूनीकरण एवम् राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउने उद्देश्य सहित कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेको छ। भूमिको वैज्ञानिक व्यवस्थापन एवम् सामाजिक न्यायमा आधारित भू-उपयोगका माध्यमबाट सहकारी क्षेत्रको परिचालन गरी प्रदेशको कृषि एव पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हाँसिल गरी यस क्षेत्रको उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुऱ्याउने लक्ष्य सुदूरपश्चिम प्रदेशले लिएको छ।

७.२. आर्थिक वर्ष २०७९/८० मा संघिय सरकारबाट प्रति क्वीन्टल उखुको रु. ६१०, मोटा धानको रु. २,९६७, मध्यम धानको रु. ३,१२८ र गहुँको रु. ३,३५१ न्यूनतम समर्थन मूल्य तोकेको छ।

७.३. कृषि यान्त्रीकरणलाई प्रवर्द्धन गर्न चालु आर्थिक वर्षको फाल्गुन मसान्तसम्म ३ हजार ५ सय ५० जना कृषकलाई विभिन्न कृषि यन्त्र उपकरण उपलब्ध गराइएको छ।

७.४. कोल्ड च्याम्बर निर्माण, सञ्चालन तथा हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० को फाल्गुन मसान्तसम्म ३ कोल्ड च्याम्बर निर्माण सम्पन्न भएका छन्।

## खाद्यान्न बालीको प्रदेशगत उत्पादनको स्थिति

७.५. प्रदेशको प्रमुख खाद्यान्न बालीमा धान, गँहु, मकै, कोदो, जौं र फापर रहेका छन्। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेशमा १ लाख ७९ हजार ९ सय १७ हेक्टरमा धान बाली खेती भईमा ६ लाख ६२ हजार मेट्रिक टन उत्पादन हुने अनुमान छ। यसैगरी, मकैको उत्पादन १ लाख ३ हजार मेट्रिक टन र कोदोको उत्पादन १९ हजार मेट्रिक टन हुने अनुमान छ।

तालिका ७-१ खाध्यान्न बालि उत्पादनको अवस्था

| बालि | आ व | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|---|
| धान | क्षेत्रफल (हेक्टर) | १७४.८६ | १७७.४८ | १८१.०४ | १८५.८६ | १७९.९० | १७९.९२ |
| | उत्पादन (मेट्रिक टन) | ५६८.८१ | ५८९.६७ | ६२९.४६ | ६६४.५३ | ४५६.५४ | ६६२.४७ |
| | धान उत्पादकत्व | ३.२५ | ३.३२ | ३.४८ | ३.५८ | २.५४ | ३.६८ |
| गँहु | क्षेत्रफल (हेक्टर) | १४३.९० | १४६.५८ | १४७.४६ | १४६.३३ | १४९.९५ | १४९.२६ |
| | उत्पादन (मेट्रिक टन) | ३२०.१८ | ३२४.५६ | ३३३.३६ | ३३०.१९ | ३४७.८९ | |
| | गँहु उत्पादकत्व | २.२३ | २.२१ | २.२६ | २.२६ | २.३ | |
| मकै | क्षेत्रफल (हेक्टर) | ४९.६२ | ५०.६८ | ४८.७२ | ४८.४१ | ५०.४६ | ५०.०४ |

| बालि | आ व | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मेट्रिक टन) | ९८.८८ | १०२.२४ | ९४.०६ | ९३.६३ | १०४.७३ | १०३.३० |
| | मकै उत्पादकत्व | १.९९ | २.०२ | १.९३ | १.९३ | २.०८ | २.०६ |
| कोदो | क्षेत्रफल (हेक्टर) | १९.१८ | १८.५० | १८.०८ | १७.३३ | १७.१३ | १७.०६ |
| | उत्पादन (मेट्रिक टन) | २०.३१ | १७.१९ | १७.४६ | १८.८२ | १८.१५ | १९.२० |
| | कोदो उत्पादकत्व | १.०६ | ०.९३ | ०.९७ | १.०९ | १.०६ | १.१३ |
| जौं | क्षेत्रफल (हेक्टर) | ४.८५ | ४.८७ | ५.२४ | ८.९२ | ७.९२ | ७.८७ |
| | उत्पादन (मेट्रिक टन) | ५.१२ | ५.०७ | ५.५७ | १२.४२ | १२.२९ | |
| | जौं उत्पादकत्व | १.०६ | १.०४ | १.०६ | १.३९ | १.५५ | |
| फापर | क्षेत्रफल (हेक्टर) | ०.३६ | ०.३५ | ०.३३ | ०.३५ | ०.३२ | ०.३२ |
| | उत्पादन (मेट्रिक टन) | ०.३२ | ०.३१ | ०.२८ | ०.२९ | ०.२७ | ०.२६ |
| | फापर उत्पादकत्व | ०.८९ | ०.८९ | ०.८४ | ०.८३ | ०.८२ | ०.८१ |

*स्रोतः सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७९* **फागुनसम्मको*

७.६. आर्थिक वर्ष २०७८/८९ मा भारी वर्षाका कारण कैलाली र कञ्चनपुरका जिल्लाका धान उत्पादनहुने भू-भाग डुवानमा परी धानको उत्पादनमा ह्रास आएकोले धानको उत्पादकत्वमा उच्च गिरावट आएको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा धानको उत्पादकत्वमा २.५४ मेट्रिक टन रहेकोमा चालु आर्थिक वर्षमा सुधार भई ३.६८ मेट्रिक टन पुगेको छ।

तालिका ७-२ प्रमुख खद्यान्न बालीको उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर)




*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७९* **फागुनसम्मको*

## नगदे बालीको उत्पादनको स्थिति

७.७. आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म प्रदेशमा आलु, तेलहन, तरकारी, फलफूल र उखुको उत्पादन क्रमशः २ लाख ४९ हजार, १७ हजार ७, १ लाख ८६, ८२ हजार र ३५ हजार ९ हजार मेट्रिक टन भएको छ।

तालिका ७-३ नगदे बालीको उत्पादनको स्थिति

| बालि | आ व | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|---|
| आलु | क्षेत्रफल (हेक्टर) | १३९१३ | १५२१९ | १४८६२ | १५८२० | १७७७२ | १८१९६ |
| | उत्पादन (मेट्रिक टन) | १९२७३९ | २०९८७१ | १९०४५१ | २११५०० | २३४६७९ | २४९१४६ |
| | उत्पादकत्व | १३.८५ | १३.७९ | १२.८१ | १३.३७ | १३.२० | १३.६९ |
| तेलहन | क्षेत्रफल (हेक्टर) | २४२५५ | १३७६९ | २४४३५ | १६९२३ | १८५१६ | १८७८० |
| | उत्पादन (मेट्रिक टन) | २७९७५ | १४८९८ | २८१८१ | १८३९२ | १७०९२ | १७७६८ |
| | उत्पादकत्व | १.१५ | १.०८ | १.१५ | १.०९ | ०.९२ | ०.९५ |
| तरकारी | क्षेत्रफल (हेक्टर) | २२३२३ | २२७६६ | १८३८२ | १९५५५ | २०५९१ | २२५५७ |
| | उत्पादन (मेट्रिक टन) | ३२००८८ | ३०७४७५ | २५१९२९ | २६०१०३ | २६१५१६ | १८६००१ |
| | उत्पादकत्व | १४.३४ | १३.५१ | १३.७१ | १३.३० | १२.७० | ८.२५ |
| फलफूल | क्षेत्रफल (हेक्टर) | ६९९८ | ७२३८ | ७९१९ | ८४४६ | ८८३५ | ९००३ |
| | उत्पादन (मेट्रिक टन) | ६५८८४ | ६८९७१ | ७७९३८ | ७८९६६ | ८५५३२ | ८२९९९ |
| | उत्पादकत्व | ९.४२ | ९.५३ | ९.८४ | ९.३५ | ९.६८ | ९.२२ |
| उखु | क्षेत्रफल (हेक्टर) | ६१६६ | ६१३५ | ६१३५ | ६१७९ | ६१९७ | ६२६७ |
| | उत्पादन (मेट्रिक टन) | २९६५७८ | २९६४६८ | ३०५८३९ | ३५६२२५ | ३५७०१७ | ३५९४१६ |
| | उत्पादकत्व | ४८.१० | ४८.३३ | ४९.८६ | ५७.६५ | ५७.६१ | ५७.३५ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७९* **फागुनसम्मको*

७.८. आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म आलुको उत्पादकत्व १३.६९ मेट्रिक टन, तेलहनको १३.६९ मेट्रिक टन, तरकारीको उत्पादकत्व ०.९५ मेट्रिक टन, उखुको उत्पादकत्व ८.२५ मेट्रिक टन र फलफूलको उत्पादकत्व ५७.३७ मेट्रिक टन रहेको छ।

चित्र ७-१ नगदे बालीको उत्पादकत्व




*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७९* **फागुनसम्मको*

### दलहन

७.९. आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म प्रदेशमा भटमासको उत्पादन ८ हजार ८ सय ६० मेट्रिक टन, मासको ३ हजार ९० मेट्रिक टन, मुसुरोको ११ हजार १ सय ८५ मेट्रिक टन, चना ११ हजार १ सय ८५ मेट्रिक टन र अरहरको ३ सय ६२ मेट्रिक टन भएको छ।

७.१०. आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म प्रदेशमा भटमासको उत्पादकत्व १.३९ मेट्रिक टन, मासको उत्पादकत्व ०.९२ मेट्रिक टन, मुसुरोको उत्पादकत्व ०.८३ मेट्रिक टन, चनाको उत्पादकत्व १.११ मेट्रिक टन र अरहरको उत्पादकत्व १.३२ मेट्रिक टन रहेको छ।

तालिका ७-४ दलहन बालीको उत्पादनको स्थिति

| दलहन | आर्थिक बर्ष | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|---|
| भटमास | क्षेत्रफल | ७५५२ | ७४८९ | ७६४२ | ८५०० | ८९१८ | ८८६० |
| | उत्पादन | ९७०४ | ७९८४ | ८८१८ | ११२९५ | १२४५० | १२३०१ |
| | उत्पादकत्व | **१.२९** | **१.०७** | **१.१५** | **१.३३** | **१.४०** | **१.३९** |
| मास | क्षेत्रफल | २८१६ | २८७३ | २९७२ | २९२९ | ३१०७ | ३०९० |
| | उत्पादन | २६८६ | २६०२ | २५०७ | २७४९ | २६३७ | २८३० |
| | उत्पादकत्व | **०.९५** | **०.९१** | **०.८४** | **०.९४** | **०.८५** | **०.९२** |
| मुसुरो | क्षेत्रफल | २२३१३ | २२३४४ | २३२२९ | २३०८९ | ११२५२ | १११८५ |
| | उत्पादन | २९४८७ | २९२७८ | १७०३८ | २१४४९ | ९३५४ | ९२७० |
| | उत्पादकत्व | **१.३२** | **१.३१** | **०.७३** | **०.९३** | **०.८३** | **०.८३** |
| चना | क्षेत्रफल | १७२ | १७० | १७२ | १६८ | १६९ | १६३ |

| दलहन | आर्थिक बर्ष | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|---|
| | उत्पादन | १७२ | १७२ | १७३ | १७४ | १८५ | १८२ |
| | उत्पादकत्व | १.०० | १.०१ | १.०० | १.०४ | १.०९ | १.११ |
| अरहर | क्षेत्रफल | ४४७ | ४४१ | ३३२ | ३६८ | ३५९ | ३६२ |
| | उत्पादन | ५०२ | ५०५ | ३१६ | ४३५ | ४८८ | ४७९ |
| | उत्पादकत्व | १.१२ | १.१५ | ०.९५ | १.१८ | १.३६ | १.३२ |

७.११. आर्थिक वर्ष २०७८/७९ मा ६ हजार ६ सय २२ हेक्टर क्षेत्रफलमा विभिन्न प्रजातिका मसाला खेती लगाइएकोमा ७२ हजार ९ सय ४१ मेट्रिक टन उत्पादन भएको थियो। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म ४ हजार ८ सय ३१ हेक्टर क्षेत्रफलमा खेती गरिएका मसालाको कुल उत्पादन ८२ हजार ९ सय ९९ मेट्रिक टन रहेको छ।

७.१२. आर्थिक वर्ष २०७८/७९ मा ३० हजार ७३२ माहुरीका घारहरूबाट कुल ३ सय १४ मेट्रिक टन मह उत्पादन भएको थियो भने आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तमा घार संख्या बढ्न गई ३२ हजार ५ सय ७५ पुगेको र कुल मह उत्पादन ३ सय २६ मेट्रिक टन पुगेको छ।

## पशुपन्छीजन्य पदार्थ (मासु) को उत्पादन स्थिति

७.१३. सुदूरपश्चिम प्रदेशमा मासुको प्रमुख स्रोतका रूपमा राँगो/भैसी, कुखुरा र खशी/बोका रहेका छन्। प्रदेशमा पशुपन्छीको मासुको उत्पादन क्रमिक रूपमा वृद्धि भईरहेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा २९ हजार ९९ मेट्रिक टन मासु उत्पादन हुने गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा मासुको कुल उत्पादनमा १७.२१ प्रतिशतले वृद्धि भई ३४ हजार २ सय ४३ मेट्रिक टन पुगेको छ।

तालिका ७-५ मासुको उत्पादन स्थिति (मेट्रिक टनमा )

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८०* |
|---|---|---|---|---|---|---|
| राँगो/ भैसी | १३३९७.६ | १५०४०.९७ | १५५९८.०४ | १६००४.६१ | १८७५९.२७ | १८८३३.८४ |
| खशी/वोका | ३७८१.५८ | ४२४५.४३ | ४४०२.६७ | ४४५२.१९ | ५२१८.४९ | ५२३९.२३ |
| भेडा | १९४.४८ | २१८.३४ | २२६.४२ | २८२.२६ | ३३०.८५ | ३३२.१६ |
| बंगुर | ६६३. | ७४४.३३ | ७७१.९ | ८२३.५१ | ९६५.२५ | ९६९.०९ |
| कुखुरा | ६५०९.७२ | ७३०८.२१ | ७५७८.८९ | ७८५६.८१ | ९२०९.१ | ९२४५.७ |
| हाँस | ९.३३ | १०.४८ | १०.८६ | ८.७३ | १०.२३ | १०.२७ |
| जम्मा | २४५५५.७२ | २७५६७.७६ | २८५८८.७८ | २९०९९.२९ | ३४१०७.७७ | ३४२४३.३४ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय* *फागुनसम्मको

७.१४. सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०७४/७५ मा मासुको प्रतिव्यक्ति प्रतिबर्ष उपलब्धता ९.६२ किलोग्राम रहेकोमा आर्थिक वर्ष २०७९/०८० को फागुनमसान्तसम्म यस्तो उपलब्धता १२.६३ किलोग्राम पुगेको छ।

चित्र ७-२ मासुको प्रतिव्यक्ति प्रतिबर्ष उपलब्धता (किलोग्राममा)




*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय* *फागुनसम्मको

## पशुपन्छीजन्य पदार्थ (अण्डा) को उत्पादनको स्थिति

७.१५. आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा अण्डाको उत्पादन २३.५५ प्रतिशतले वृद्धि भएको छ।

तालिका ७-६ पशुपन्छीजन्य पदार्थ अण्डाको उत्पादन स्थिति (गोटा हजारमा)

| आर्थिक बर्ष | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|
| **कुखुरा** | ८३७४४.७५ | ८७६४६.१८ | ८९८१७.०० | १०६२४३.९३ | १३१८३३.७६ | १३९०९६.६९ |
| **हाँस** | १५००.३१ | ११८१.४१ | ११८३.०० | १७२७.५४ | १५६०.७२ | १६१८.२२ |
| **जम्मा** | ८५२४५.०६ | ८८८२७.५९ | ९१०००.०० | १०७९७१.४७ | १३३३९४.४८ | १४०७१४.९१ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय* *फागुनसम्मको

७.१६. सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०७४/७५ मा प्रतिव्यक्ति प्रतिवर्ष अण्डाको उपलब्धता ३३.४० गोटा रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म यस्तो उपलब्धता ५१.९० गोटा पुगेको छ।

तालिका ७-७ अण्डाको प्रतिव्यक्ति उपलब्धता (गोटामा)




*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय* **फागुनसम्मको*

## दुधको उत्पादन स्थिति

७.१७. आर्थिक वर्ष २०७८/७९ मा दुधको उत्पादन २ लाख १६ हजार ७ सय २३ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म यस्तो उत्पादन २ लाख १७ हजार ८ सय २३ मेट्रिक टन पुगेको छ। साथै, आर्थिक वर्ष २०७४/७५ मा प्रतिव्यक्ति प्रतिवर्ष दुधको उपलब्धता ७५.१० किलोग्राम रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म यस्तो उपलब्धता ८०.३४ किलोग्राम पुगेको छ।

## माछा उत्पादनको स्थिति

७.१८. आर्थिक वर्ष २०७४/७४ मा कुल उत्पादन ५ हजार २८ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म माछा उत्पादनमा ४०.१८ प्रतिशतले वृद्धि भई ७ हजार ४९ मेट्रिक टन पुग्न गएको छ।

७.१९. आर्थिक वर्ष २०७८/७९ मा माछाको उत्पादन ६ हजार ५ सय ५१ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म यस्तो उत्पादन ७ हजार ४९ मेट्रिक टन पुगेको छ। साथै, आर्थिक वर्ष २०७४/७५ मा प्रतिव्यक्ति प्रतिवर्ष माछाको उपलब्धता १.९७ किलोग्राम रहेकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म यस्तो उपलब्धता २.६ किलोग्राम पुगेको छ।

तालिका ७-८ माछा उत्पादन स्थिति (मेट्रिक टनमा)

| आर्थिक वर्ष | जम्मा उत्पादन मे टन (मेट्रिक टनमा) | प्रतिव्यक्ति उपलब्धता (किलोग्राममा) |
|---|---|---|
| २०७४/७५ | ५०२८.५६ | १.९७ |
| २०७५/७६ | ५४५४.८४ | २.१४ |
| २०७६/७७ | ५६४१.१८ | २.२१ |
| २०७७/७८ | ५९७३.०१ | २.३४ |
| २०७८/७९ | ६७५१.०६ | २.४९ |
| २०७९/८०* | ७०४९.३० | २.६० |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय* **फागुनसम्मको*

७.२०. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेशमा सञ्चालित प्रधानमन्त्री एकीकृत कृषि आधुनिकरण परियोजनाबाट पशुपन्छी क्षेत्रतर्फ ब्लक विकास कार्यक्रम अन्तर्गत प्रदेशमा गाई, भैसी, बंगुर, माछा र बाखा पालन गरी जम्मा २८ कार्यक्रमबाट १ हजार ४ सय कृषकहरु लाभान्वित भएका छन्।

तालिका ७-९ प्रधानमन्त्री एकीकृत कृषि आधुनिकरण परियोजना (पशुपन्छी तर्फ) कार्यक्रमको अवस्था

| पशु | कार्यक्रम संख्या | लाभान्वित कृषक संख्या |
|---|---|---|
| भैसी | ४ | २०० |
| गाई | ४ | २०० |
| बंगुर पालन | ३ | १५० |
| माछापालन | ० | ० |
| बाखा | १७ | ८५० |
| जम्मा | २८ | १४०० |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय* **फागुनसम्मको*

## मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम

७.२१. प्रदेशमा सञ्चालित मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० को फागुनसम्म गाई, भैसी, बंगुर, बाखा, कुखुरा माछा र भेडा पालना गरी जम्मा ७५ कार्यक्रमबाट ३ हजार ७ सय ५० कृषक लाभन्वित भएका छन्।

७.२२. आर्थिक वर्ष २०७८/७९ मा यस कार्यक्रम अन्तर्गत ६५ विभिन्न कार्यक्रमबाट ३ हजार २ सय ५० कृषकहरू लाभान्वित भएका थिए।

तालिका ७-१० मुख्यमन्त्री एकीकृत कृषि तथा पशु पन्छी विकास कार्यक्रमबाट लाभान्वित कृषक संख्या

| पशुपन्छी | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|
| | कार्यक्रम संख्या | लाभान्वित कृषक संख्या | कार्यक्रम संख्या | लाभान्वित कृषक संख्या |
| भैसी | १५ | ७५० | १६ | ८०० |

| पशुपन्छी | २०७८/७९ | | २०७९/८०* | |
|---|---|---|---|---|
| | कार्यक्रम संख्या | लाभान्वित कृषक संख्या | कार्यक्रम संख्या | लाभान्वित कृषक संख्या |
| गाई | ११ | ५५० | १२ | ६०० |
| बंगुर | ९ | ४५० | ११ | ५५० |
| बाखा | २ | १०० | ३ | १५० |
| कुखुरा | २ | १०० | ३ | १५० |
| माछा | १८ | ९०० | २० | १००० |
| भेडा | ८ | ४०० | १० | ५०० |
| जम्मा | ६५ | ३२५० | ७५ | ३७५० |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय* **फागुनसम्मको*

## वन

७.२३. सुदूरपश्चिम प्रदेशमा राष्ट्रिय, सामुदायिक, कवुलियति, धार्मिक र निजी वन रहेका छन्। यसैगरी, वन क्षेत्रको संरक्षणको लागि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्र समेत यस प्रदेशमा स्थापना भएका छन्।

७.२४. सुदूरपश्चिम प्रदेशमा २०७९ फागुनसम्म ९ लाख ९९ हजार २ सय ३८ हेक्टर वन क्षेत्र रहेको छ। यो वनक्षेत्रले प्रदेशको ४९.२४ प्रतिशत भू-भाग ओगटेको छ। नेपालको कुल वन क्षेत्रमा सुदूरपश्चिम प्रदेशको वनक्षेत्रले हिस्सा १६.१ प्रतिशत रहेको छ।

७.२५. सुदूरपश्चिम प्रदेशको कुल वनक्षेत्र सवै भन्दा बढी हिस्सा सामुदायिक वनको रहेको छ। प्रदेशमा स्वीकृत र प्रस्तावित वनक्षेत्र गरी जम्मा १ लाख ८२ हजार २०४ हेक्टरमा संरक्षित वनक्षेत्र रहेको छ।

तालिका ७-११ वन व्यवस्थापन पद्धति अनुरूप वन संख्या र क्षेत्रफल

| विवरण | कुल वन क्षेत्र | |
|---|---|---|
| | सङ्ख्या | क्षेत्रफल (हेक्टरमा) |
| सामुदायिक वन | ३३८३ | ४९१५९४ |
| साझेदारी वन | ३ | ७३६५ |
| कवुलियति वन | १०२३ | ७३०१ |
| गरिबमूखी कवुलियति वन | १०२२ | ७२४३ |
| व्यावसायिक कवुलियति वन | १ | ५८ |
| धार्मिक वन | ४४ | २६८९ |
| निजी वन | २८९ | १८६ |
| वन संरक्षण क्षेत्र | ७ | १८२२०४ |
| स्वीकृत | २ | ९८६४३ |
| प्रस्तावित | ५ | ८३५६१ |

*स्रोतः उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७९* ** फागुन मसान्तसम्म*

७.२६. सुदुरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९ प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेश सरकारले वनजन्य उत्पादन विक्रीबाट रु. १४ करोड ४० लाख राजस्व असुल गरेको थियो भने आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म रु. १ करोड ९१ लाख राजस्व असुल भएको छ।

तालिका ७-१२ वनजन्य उत्पादन बिक्रीबाट प्राप्त राजस्व (रु. लाखमा)

| आर्थिक बर्ष | सङ्कलित राजस्व (रु लाखमा) |
|---|---|
| २०७५/७६ | २४१६ |
| २०७६/७७ | १२९१ |
| २०७७/७८ | ८२७४ |
| २०७८/७९ | १४४० |
| २०७९/८०* | १९१ |

*स्रोतः उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७९* ** फागुन मसान्तसम्म*

७.२७. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेशका सामुदायिक वन, साझेदारी वन, राष्ट्रिय वन, निजी वन आदीबाट ३ लाख ६६ हजार ९८ क्यूव फिट काठ र २.६ चट्टा दाउरा उत्पादन भएको छ।

७.२८. आर्थिक वर्ष २०७८/७९ मा प्रदेशमा १ हजार ९ सय ६२ मेट्रिक टन खोटो सङ्कलन भएकोमा आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म २ हजार ३३ मेट्रिक टन सङ्कलन भएको छ।

तालिका ७-१३ वन उत्पादन वेच विखनबाट प्राप्त राजस्व (रु. लाखमा)

| आर्थिक बर्ष | निकासी परिमाण (मेट्रिक टनमा) |
|---|---|
| २०७५/७६ | २४२० |
| २०७६/७७ | २७०१ |
| २०७७/७८ | २४६३ |
| २०७८/७९ | १९६२ |
| २०७९/८०* | २०३३ |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७९* ** फागुन मसान्तसम्म*

७.२९. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेशका ४० नर्सरीबाट १ लाख ९९ हजार २ सय थान विरुवा उत्पादन गरिएको । साथै, ३० हेक्टर क्षेत्रफलमा वृक्षारोपण भएको छ।

तालिका ७-१४ उत्पादन भएको विरुवा संख्या (गोटामा)

| आर्थिक बर्ष | विरुवा संख्या |
|---|---|
| २०७५/७६ | १२७९००० |

| आर्थिक बर्ष | विरुवा संख्या |
|---|---|
| २०७६/७७ | २३३७६४२ |
| २०७७/७८ | ३१०८७३७ |
| २०७८/७९ | २४२७५०० |
| २०७९/८०* | १९९२०० |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७९* ** फागुन मसान्तसम्म*

७.३०. चालु आर्थिक वर्षको फागुनसम्म सङ्कलित जडिबुटी १ लाख १८ हजार ६ सय ५० किलोग्राम मध्ये सामुदायिक वनबाट २०.५३ प्रतिशत, राष्ट्रिय वनबाट ६०.१५ प्रतिशत र अन्य वनबाट १९.३२ प्रतिशत संकलन भएको छ।

तालिका ७-१५ जडिबुटी सङ्कलनको स्थिति (किलोग्राममा)

| बन प्रकार | जडिबुटी संकल्न |
|---|---|
| **सामुदायिक वन** | १२६०६२ |
| **राष्ट्रिय वन** | ३६९३३५ |
| **निजी वन, आवादी** | ११८६५० |
| **जम्मा** | ६१४०४७ |

७.३१. वातावरण संरक्षण सम्वन्धमा प्रदेश सरकारबाट जलवायु परिवर्तन सम्बन्धमा सरोकारवाला तथा स्थानीय जनतासँग अन्तरक्रिया, जैविक विविधता संरक्षण तथा वन डडेलो रोकथाम र व्यवस्थापन सम्बन्धमा स्कुल शिक्षा कार्यक्रम, रेडियो तथा पत्रपत्रिका मार्फत सूचना प्रचारप्रसार कार्यक्रम, विरुवा उत्पादन तथा वृक्षारोपण वैठक, गोष्ठी, तालिम तथा जनचेतानामूलक प्रचारप्रसारका कार्यक्रम सञ्चालनमा ल्याएको छ।

७.३२. प्रदेश सरकारले चालु आर्थिक वर्षको फागुनसम्म १५.७५ हेक्टर अतिक्रमित वनक्षेत्र खाली गराउने कार्य गरेको छ।

७.३३. आर्थिक वर्ष २०७८/७९ मा प्रदेशका ११५ स्थानमा पहिरो तथा गल्छी नियन्त्रण र १५० तटबन्धन निर्माण कार्य सम्पन्न भएका छन्। आर्थिक वर्ष २०७७/७८ मा १४५ स्थानमा पहिरो तथा गल्छी नियन्त्रण र १६० तटबन्धन निर्माण कार्य सम्पन्न भएका थिय।

७.३४. प्रदेशमा जलवायु परिवर्तनको असरसँग अनुकूलित हुन, तल्लो तटीय क्षेत्रमा पानीको रिचार्ज गर्न तथा सुख्खा समयमा पनि पानीको उपलब्धता गराई खेती तथा पशुपालनमा टेवा पुऱ्याउन, सफा र स्वच्छ खानेपानीको सहज र निरन्तर रूपमा उपलब्धता सुनिश्चित गर्न आर्थिक वर्ष २०७८/७९ मा ५ रिचार्ज पोखरी, ५३ पानी मुहान संरक्षण र १३ साना सिंचाई कुलो निर्माण भएका छन्। आर्थिक वर्ष २०७७/७८ मा ६१ रिचार्ज पोखरी, ८४ पानी मुहान संरक्षण र ६४ साना सिंचाई कुलो निर्माण भएका थिए।

# ८. उद्योग र पर्यटन

## उद्योग

८.१. २०७९ फागुनसम्म प्रदेशमा २१ हजार ८ सय ५४ उद्योग दर्ता भई रु. ३० अर्ब ६७ करोडको लगानी स्वीकृत भएको छ। सोबाट १ लाख १ हजार ४ सय ५६ रोजगारी सिर्जना हुने अनुमान रहेको छ। प्रदेशको प्रति उद्योग रोजगारी दर ४.८ प्रतिशत रहेको छ।

८.२. दर्ता भएका उद्योगमध्ये कृषि तथा वनजन्य क्षेत्रका उद्योगको संख्या ५१.३५ प्रतिशत, सेवाजन्य उद्योगको ३२.२९ प्रतिशत र उत्पादनमूलक उद्योगको १५.६५ प्रतिशत रहेको छ। प्रदेशमा हालसम्म उर्जामूलक र खनिजजन्य उद्योग दर्ता भएको छैन।

चित्र ८-१ प्रदेशमा दर्ता भएका उद्योगको अवस्था (लगानी र पुँजी रु. करोडमा)

| उद्योगको वर्गीकरण | सङ्ख्या | कुल लगानी | स्थिर पुँजी | चालु पुँजी | रोजगारी |
|---|---|---|---|---|---|
| कृषि तथा वनजन्य | ११२२१ | १४३८.३१ | ९८९.१२ | ५९९.४३ | ४०४३५ |
| पूर्वाधार | १५ | २.०२ | १.२७ | ०.७८ | ६१ |
| सूचना प्रशारण तथा सञ्चार | १५ | १.०३ | ०.८४ | ०.१९ | ५३ |
| उत्पादनमूलक | ३४२० | ७९२.८८ | ४९१.२७ | ३०२.९६ | ३१०४८ |
| सेवा | ७०५७ | ८०३.१३ | ५०७.५९६ | २६८.६३४ | २९०५५ |
| पर्यटन | १२६ | २९.५८ | १९.८८ | ९.७१ | ८३३ |
| **जम्मा** | **२१८५४** | **३०६७** | **२००९.९७६** | **११८१.७** | **१०१४८५** |

*स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७९*

८.३. नेपालमा दर्ता भएका कुल ठुला उद्योगमध्ये सुदूरपश्चिम प्रदेशमा सञ्चालन गर्न स्वीकृति पाएका उद्योग १.५५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सुदूरपश्चिम प्रदेशमा सञ्चालन हुने गरी दर्ता भएका १ सय ३० ठुला उद्योगको प्रस्तावित लगानी रु. ४७ अर्ब २१ करोड र प्रस्तावित रोजगारी संख्या ११ हजार ८ सय १५ रहेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म थप ९ ठुला उद्योग दर्ता भई लगानी रु. ६० अर्ब १२ करोड र प्रस्तावित रोजगारी संख्या १२ हजार ४ सय २५ रहेको छ।

## पर्यटन

८.४. आर्थिक बर्ष २०७८/७९ को फागुनसम्म प्रदेश सरकारले ६४ पदमार्ग निर्माण गरेको थियो भने आर्थिक वर्ष २०७९/८० को फागुनसम्म थप नयाँ ३५ पदमार्ग निर्माण गरेको छ।

# ९. भौतिक पूर्वाधार क्षेत्र

९.१. प्रदेशको आर्थिक वृद्धि र विकासका लागि पूर्वाधार, यातायात र सञ्चारको विकास अत्यावश्यक छ। प्रदेशमा लगानी आकर्षित गर्न, उत्पादन र उत्पादकत्व बढाई रोजगारी सिर्जना गर्न प्रदेशको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न भौतिक पूर्वाधारको अहम भूमिका हुन्छ।

९.२. सुदूरपश्चिम प्रदेशमा राष्ट्रिय गौरवका ६ आयोजना लगायत प्रदेश सरकार अन्तर्गतका ९ प्रदेश गौरवका योजना कार्यान्वयनमा रहेका छन्।

## सडक

९.३. २०७९ फागुनसम्म सुदूरपश्चिम प्रदेश सरकारले कालोपत्रे सडक ३ सय ९९ किलोमिटर, खण्डास्मित सडक ५ सय ४ किलोमिटर र कच्ची सडक १ हजार ४ सय ६७ किलोमिटर गरी जम्मा २ हजार ३ सय ९१ किलोमिटर सडक निर्माण भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म कालोपत्रे, खण्डास्मित र माटे सडक गरी थप ६९ किलोमिटर सडक निर्माण भएको छ।

तालिका ९-१ प्रदेशबाट निर्माण गरिएको सडक विस्तार (किलोमिटरमा)

| विवरण | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८०* |
|---|---|---|---|---|---|---|
| **कालोपत्रे सडक** | १४ | १४ | १३६ | ३०६ | ३७८ | ३९९ |
| **खण्डास्मित (ग्रावेल सडक)** | १० | २० | १२८ | २९५ | ४५६ | ५०४ |
| **माटे सडक** | १५० | ५३९ | ७७० | १३२७ | १४८७ | १४८७ |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, २०७९* **फागुनसम्म*

९.४. चालु आर्थिक वर्षको फागुनसम्म ५ सडक पुल निर्माण भएको छ भने आर्थिक वर्ष २०७८/७९ मा ७ सडक पुल र ३ झोलुङ्गे पुल निर्माण भएको थियो। सुदूरपश्चिम प्रदेश सरकारले २०७९ फागुनसम्म २६ सडक पुल निर्माण र ३६ झोलुङ्गे पुल निर्माण गरेको छ।

९.५. सुदूरपश्चिम प्रदेशमा २०७९ को फागुनसम्म प्रादेशिक र स्थानीयस्तरका जम्मा सडक लम्बाई ५ हजार ६ सय ४ किलोमिटरमध्ये २ सय २५ किलोमिटर कालोपत्रे, १ हजार २ सय ३० किलोमिटर खण्डास्मित र ४ हजार १ सय ४१ किलोमिटर कच्ची सडक रहेका छन्।

९.६. नेपालको सडक घनत्व ०.४५ प्रतिवर्ग किलोमिटर रहेकोमा सुदूरपश्चिम प्रदेशको ०.२८ प्रतिवर्ग किलोमिटर रहेको छ। सडक घनत्व सबैभन्दा बढी बाग्मती प्रदेशमा ०.८१ र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ।

## प्रदेश गौरवका तथा अन्य सडक आयोजना

९.७. भजनी-छोटी भन्सार-खिमडी - ठुलीगाड सडकको कुल लम्बाई ६० किलोमिटर रहेको छ। यस आयोजनाको २०७९ फागुनसम्म रु. ३ करोड खर्च भई भौतिक प्रगति २५ प्रतिशत रहेको छ।

९.८. सहजपुर बोगटान दिपायल सडकको कुल लम्बाई करिब २०५ किलोमिटर रहेको छ। यस आयोजनाको २०७९ फागुनसम्म रु. ७ करोड खर्च भई भौतिक प्रगति ४० प्रतिशत रहेको छ।

९.९. कन्चनपुर, डडेल्धुरा, बैतडी र बझाङ्ग जोड्ने दैजी-लिप्ना-जोगबुडा-सलौन-चिर्किट्टे-घटाल-पोखरा-वेलापुर-ढुंगाड-देउरा सडकको कुल लम्बाई १६८ किलोमिटर रहेको छ। २०७९ फागुनसम्म रु. ३ करोड ३० लाख खर्च भएकोमा भौतिक प्रगति ४५ प्रतिशत रहेको छ।

९.१०. पातीहाल्ना तलकोट साइपाल हुम्ला सडक (बझाङ्ग) को कुल लम्बाई ९५ किलोमिटर रहेको छ। कुल अनुमानित लागत रू. ६ अर्ब ११ करोड रहेको यस आयोजनाको २०७९ फागुनसम्म रु. २ अर्ब २ करोड ६८ लाख खर्च भई भौतिक प्रगति ५० प्रतिशत रहेको छ।

९.११. चिसापानी जंगलघाट ऋषिदह बडीमालिका सडकको कुल लम्बाई २०३ किलोमिटर रहेको छ। यस आयोजनाको २०७९ फागुनसम्म ३ प्रतिशत भौतिक प्रगति र हालसम्मक खर्च रु. ३ करोड ५० लाख रहेको छ।

९.१२. खप्तड मार्तडी सडकको कुल लम्बाई ६५ किलोमिटर रहेको छ। यस आयोजनाको २०७९ फागुनसम्म खर्च रु. ५ करोड ७२ लाख भएकोमा भौतिक प्रगति २५ प्रतिशत रहेको छ।

९.१३. बेलौरी - कलुवापुर - दोमिल्ला - नायल - बुडर सडकको कुल लम्बाई ४६.९३५ किलोमिटर रहेको छ। कुल लागत रु. १ अर्ब १५ करोड रहको यस आयोजनाको २०७९ फागुनसम्म ४८ प्रतिशत भौतिक प्रगति र हालसम्मको खर्च रु. २२ करोड २५ लाख रहेको छ।

९.१४. खलंगा खार देथला परिवगड खण्डेश्वरी सडक (बैतडी) आयोजनाको ९३ किलोमिटर लम्बाई रहेको छ। २०७९ फागुनसम्म यस आयोजनाको भौतिक प्रगति ५० प्रतिशत र हालसम्मको खर्च रु. १७ करोड ४६ लाख रहेको छ।

९.१५. सतबाँझ श्रीभावर हाट-दार्चुला सडक आयोजना लम्बाई ९० किलोमिटर रहेको छ। २०७९ फागुनसम्म यस आयोजनाको भौतिक प्रगति ५० प्रतिशत र हालसम्मको खर्च रु. १२ करोड ६ लाख रहेको छ।

## नदी नियन्त्रण, भूक्षय तथा सिंचाई पूर्वाधार

९.१६. आर्थिक वर्ष २०७८/७९ मा ३५.२८ किलोमिटर तटबन्ध निर्माण र २ सय ७६ हेक्टर जमिनको उकासको कार्य भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म १ सय ९५ हेक्टर जमिनको उकासको कार्य भएको छ। २०७९ फागुनसम्म प्रदेश सरकारबाट निर्माण भएको तटबन्धको कुल लम्बाई १ सय ५७ किलोमिटर र कुल जमिनको उकास ३ हजार ६ सय ४२ हेक्टर पुगेको छ।

तालिका ९-२ तटबन्ध निर्माण र जमिनको उकास

| पूर्वाधार | इकाई | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८०* |
|---|---|---|---|---|---|---|---|
| **तटबन्ध निर्माण** | कि.मि. | ११.९० | ४१.०८ | ३७.१९ | ३१.७० | ३५.२८ | |
| **जमिनको उकास** | हेक्टर | ४३७.०० | ९८१.७५ | ८४१.६२ | ९०९.९६ | २७६.२३ | १९५.१० |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, २०७९* **फागुनसम्म*

९.१७. प्रदेशका कृषियोग्य जमिनमा सिचाईको सुविधा पुऱ्याउन मूलतः सतह, भूमिगत र नयाँ प्रविधिमा आधारित सिंचाई योजना सञ्चालनमा रहेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म सतह सिंचाई आयोजनाबाट १ हजार ५ सय ५६ हेक्टर, भूमिगत सिंचाई आयोजनाबाट ३ सय ६२ हेक्टर, नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाहरूबाट ५६ हेक्टर र मर्मत संभार तथा पुनः निर्माणबाट ६५ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको छ।

९.१८. प्रदेश स्थापना पश्चात चालु आर्थिक वर्षको फागुनसम्म सतह सिंचाई आयोजनाबाट १७ हजार ६ सय ४५ हेक्टर, भूमिगत सिंचाई आयोजनाबाट ८ हजार ८ सय ७८ हेक्टर, नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाबाट कुल ८ सय ९२ हेक्टर जमिनमा सिंचाई सुविधा विस्तार भएको छ।

तालिका ९-३ सिचाईको स्थिति (हेक्टरमा)

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सतह सिंचाई | २६८५ | ३०३९ | ३२०० | ४२२२ | २९४४ | १५५६ | १७६४५ |
| भूमिगत सिंचाई | ६४५ | २३६५ | ८४० | ७९० | ३८७६ | ३६२ | ८८७८ |
| नया प्रविधिमा आधारित | ८० | २२० | २४० | २५१ | ४५ | ५६ | ८९२ |
| मर्मत संभार/पुनः निर्माणबाट हुने सिचित क्षेत्रफल | ३७२ | ८७२ | ६७६ | ६२५९ | ३०८४ | ६५ | ११३२८ |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, २०७९/ भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७९ *फागुनसम्म*

९.१९. आर्थिक वर्ष २०७८/७९ मा २ सय ३२ किलोमिटर पक्की कुलो निर्माण भएकोमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म ५६ किलोमिटर निर्माण भएको छ। कच्ची कुलो निर्माण गत आर्थिक वर्षमा २६ किलोमिटर र चालु आर्थिक वर्षको फागुनसम्म १ सय ५ किलोमिटर निर्माण भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश सरकारबाट २ हजार १ सय ४६ किलोमिटर पक्की कुलो र ४ सय ४४ किलोमिटर कच्ची कुलो निर्माण भएको छ।

तालिका ९-४ पक्की र कच्ची कुल निर्माणको अवस्था (किलोमिटरमा)

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* | जम्मा |
|---|---|---|---|---|---|---|---|
| पक्की कुलो | ३५६ | ३८२ | ५२५ | ५९४ | २३२ | ५६ | २१४६ |
| कच्ची कुलो | ५७ | ६१ | ८१ | ११३ | २६ | १०५ | ४४४ |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय/ भूमीव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७९ *फागुनसम्म*

९.२०. आर्थिक वर्ष २०७८/७९ मा डिप ट्युवेल र स्यालो ट्युवेल क्रमशः ६ सय १८ र ७ सय ३८ जडान भएको थियो। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म स्यालो ट्युवेल ३ सय ८८ जडान भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म प्रदेश सरकारबाट जडान भएको डिप ट्युवेल र स्यालो ट्युवेलको संख्या क्रमशः ७ सय ४१ र २ हजार ८ सय ९५ रहेको छ।

तालिका ९-५ डिप ट्युवेल र स्यालो ट्युवेल जडानको अवस्था (गोटामा)

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* | जम्मा |
|---|---|---|---|---|---|---|---|
| डिप ट्युवेल | ८ | ६५ | १० | ४० | ६१८ | ० | ७४१ |
| स्यालो ट्युवेल | ३८२ | ४६१ | ४८० | ४४६ | ७३८ | ३८८ | २८९५ |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय/भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय २०७९* **फागुनसम्म*

# यातायात क्षेत्र

## सवारी साधन दर्ता

९.२१. आर्थिक वर्ष २०७८/७९ मा दुई पांग्रे, तीन पांग्रे र चार पांग्रे सवारी साधन सहित कुल २१ हजार ७ सय ५५ सवारी साधन दर्ता भएका थिए। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल सवारी साधन दर्ता ९.९५ प्रतिशतले घटेको छ। चालु आर्थिक वर्ष फागुन महिनासम्म १० हजार ५८ सवारी साधन दर्ता भएका छन्।

तालिका ९-६ सवारी साधन दर्ता संकलनको अवस्था

| सवारीको प्रकार | | २०७४/ ७५ | २०७५/ ७६ | २०७६/ ७७ | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|---|
| दुई पांग्रे | गोटा | ११९२५ | १३५४४ | ११२१८ | १९८८५ | १७०६४ | ७२३५ |
| तिन पांग्रे | गोटा | १८४३ | २१७६ | १३७८ | १६५५ | २१५७ | ५९५ |
| चार पांग्रे | गोटा | २८६९ | ३१९१ | २०६३ | २६२० | २५३४ | २२२८ |
| | | १६६३७ | १८९११ | १४६५९ | २४१६० | २१७५५ | १००५८ |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, २०७९* **फागुनसम्मको*

## हवाई यातायात

९.२२. सुदूरपश्चिम प्रदेशमा रहेका ९ आन्तरिक विमानस्थल मध्ये दार्चुला, महेन्द्रनगर र टिकापुर ३ विमानस्थल सञ्चालनमा रहेका छैनन्।

## सूचना तथा सञ्चार

९.२३. २०७९ फागुनसम्म सम्म प्रदेशमा ७६ एफ.एम. रेडियो र २ टेलिभिजन दर्ता भई सञ्चालनमा रहेका छन्।

९.२४. २०७९ फागुनसम्म प्रदेशमा दर्ता भएका पत्रपत्रिका संख्या ११८ पुगेको छ भने सो मध्ये दैनिक प्रकाशित हुने ६५ र साप्ताहिक प्रकाशित हुने पत्रपत्रिकाको संख्या ५३ रहेको छ। प्रदेशमा प्रकाशित हुने पत्रपत्रिकामध्ये १ थारु भाषामा समेत प्रकाशित हुने गरेको छ।

९.२५. राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको इन्टरनेट पहुँच भएको घरधुरी ३७.८ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा इन्टरनेट पहुँच भएको घरधुरीको २५.२ प्रतिशत रहेको छ। इन्टरनेट पहुँच बागमती प्रदेशमा सबैभन्दा बढी ५५.२ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा २०.३ प्रतिशत रहेको छ।

| प्रदेश/जिल्ला | इन्टरनेट पहुँच पुगेका घरधुरीको अनुपात | स्मार्टफोन प्रयोग गर्ने घरधुरीको अनुपात |
|---|---|---|
| **सुदूरपश्चिम प्रदेश** | **२५.२०** | **६२.७०** |
| अछाम | १३.३० | ४८.३० |
| बैतडी | १३.०० | ४५.९० |
| बझाङ्ग | १६.४० | ४८.८० |
| बाजुर | ९.७० | ४१.६० |
| डडेलधुरा | २६.८० | ५९.५० |
| दार्चुला | १४.३० | ५७.०० |
| डोटी | १४.४० | ४८.१० |
| कैलाली | २९.७० | ७४.१० |
| कञ्चनपुर | ४१.८० | ७४.६० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८ (राष्ट्रिय तथ्याङ्क कार्यालय)*

## आवास तथा भवन निर्माण

९.२६. व्यवस्थित सहरीकरण तथा आवासको विकास आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको छ। यसले लगानी र रोजगारका अवसर सिर्जना गर्न सहयोगी भूमिका खेलेको छ र आम नागरिकका लागि आवश्यक उर्जा, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, मनोरञ्जन तथा खेलकुद र सुरक्षा जस्ता क्षेत्रका सार्वजनिक सेवामा पहुँच सहजीकरण गर्दै सुविधा सम्पन्न सामाजिक जीवनयापन गर्न सहयोग पुगेको छ।

९.२७. आर्थिक वर्ष २०७८/७९ मा सरकारी तथा सामुदायीक गरी जम्मा ६३ र जनता आवास योजना अन्तर्गत ६९८ निजी आवास निर्माण भएका थिए । चालु आर्थिक वर्षको फागुनसम्म जनता आवास योजना अन्तर्गत १७१ निजी आवास निर्माण भएको छ।

तालिका ९-७ आवास तथा भवन निर्माणको अवस्था (सङ्ख्यामा)

| कार्यक्रम | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८०* |
|---|---|---|---|---|---|---|
| **सरकारी/सामुदायिक भवन निर्माण** | ० | ८७ | ११८ | १६९ | ६३ | |
| **जनता आवास योजना अन्तर्गत निर्मित (निजि आवास)** | ५० | ५६८ | ९३८ | ८८८ | ६९८ | १७१ |

*स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, २०७९* *फागुनसम्म

## ऊर्जा

९.२८. व्यवस्थित सहरिकरणलाई मूर्त रुप दिन पर्याप्त उर्जाको उपलब्धताको महत्वपूर्ण योगदान रहेको छ। प्रदेशमा जलविद्युतको उच्च सम्भावना भएपनि लगानीको अभावले नयाँ जलविद्युत परियोजना कार्यान्वयनमा ल्याउन सकिएको छैन।

९.२९. २०७९ फागुनसम्म सुदूरपश्चिम प्रदेशमा ७३.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। साथै, सो अवधिसम्म १०८ मेगावाट विद्युत उत्पादन भएको छ।

तालिका ९-८ प्रदेशगत विद्युत उत्पादन क्षमता (वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)

| प्रदेश | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९* | २०७९/८०* |
|---|---|---|---|---|---|
| विद्युतको पहुँच (प्रतिशतमा) | ५८.९ | ६७.३३ | ६४.६९ | ७१.०७ | ७३.० |
| विद्युत उत्पादन (मेगावाट) | ८८ | ९० | ९३ | ९४ | १०८ |

*स्रोतः नेपाल विद्युत प्राधिकरण, अत्तरिया २०७९* *फागुनसम्म

९.३०. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म ३५ किलोवाट क्षमताको डुम्लीङ सौर्य ऊर्जा, दार्चुला, ६५ किलोवाट क्षेमताको धालुन सौर्य ऊर्जा, बझाङ र १२५ किलोवाट क्षमताको धीम सौर्य ऊर्जा, बाजुराको अध्ययन कार्य सम्पन्न भई खरिद प्रक्रियामा रहेको छ।

९.३१.	आर्थिक वर्ष २०७९/८० को फागुनसम्म २५ किलोवाट क्षमताको गराजु सौर्य ऊर्जा, डोटी तथा ३० किलोवाट क्षमताको बिनाबत्थी सौर्य, बैतडीको निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको चरणमा रहेको छ।

# १०. सामाजिक क्षेत्र

## शिक्षा

१०.१. सुदूरपश्चिम प्रदेशमा शैक्षिक सत्र २०७८ मा पूर्व प्राथमिक तहको कुल भर्ना दर ७५.३ प्रतिशत रहेकोमा चालु शैक्षिक सत्रमा ४.३ प्रतिशतले कमी आई कुल भर्ना दर ७१.० प्रतिशतमा झरेको छ।

१०.२. शैक्षिक सत्र २०७९ मा प्रथामिक तह (कक्षा १-५) र आधारभूत तह (कक्षा १-८) खुद भर्नादर क्रमशः ९६.८ प्रतिशत र ९५.९ प्रतिशत पुगेको छ।

१०.३. शैक्षिक सत्र २०७५ मा कक्षा ८ मा टिकाउ दर ७३.४० प्रतिशत रहेको मा शैक्षिक सत्र २०७९ मा यस्तो दर ८३.८ प्रतिशत पुगेको छ।

१०.४. शैक्षिक सत्र २०७८ को तुलनामा चालु शैक्षिक सत्रमा ५ देखि १२ वर्ष उमेरका विद्यालय बाहिर रहेका वालवालिकाहरूको सङ्ख्यामा १.४ प्रतिशतले बृद्धि भई हाल ४.१ प्रतिशत कायम रहेको छ।

१०.५. चालु शैक्षिक सत्रमा माध्यमिक तह (कक्षा ९-१०) र कक्षा (९-१२) को खुद भर्नादरमा क्रमशः २.४ र १.३ प्रतिशतले सुधार आई हाल उक्त दर ८० र ५९.१ प्रतिशत कायम रहेको छ।

१०.६. राष्ट्रिय जनगणना, २०७८ अनुसार सुदूरपश्चिम प्रदेशको साक्षरता दर ७६.२ प्रतिशत रहेको छ।

१०.७. चालु शैक्षिक सत्रमा आधारभूत र माध्यमिक तहमा महिला शिक्षक अनुपात क्रमशः ३३.३१ प्रतिशत र १६.५ प्रतिशत रहेको छ।

तालिका १०-१ शैक्षिक सूचकमा आधारित उपलब्धि

| सुचकहरू | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|---|
| १. आधारभूत शिक्षा (प्रारम्भिक बालविकास/ पूर्वप्राथमिक शिक्षा समेत) | | | | | | |
| १.१ पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर | ७८.४० | ८८.२० | ७०.२० | ७५.६० | ७५.३० | ७१.०० |
| १.२ पूर्व प्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिसत | ६४.२० | ६८.२० | ६८.४० | ७६.६० | ७७.६० | ८०.४० |
| १.३ कक्षा १ मा कुल प्रवेशदर | १५३.९० | १६३.१० | १२१.२० | ११२.९० | १३५.९० | १२७.८० |
| १.४ कक्षा १ मा खुद प्रवेशदर | ९४.६० | ९५.६० | ९६.५० | ९६.३० | ९७.७० | ९७.०० |
| १.५ कुल भर्नादर (कक्षा १-५) | १२८.६० | १३२.७० | १२३.४० | १२२.०० | १२१.८० | १३८.४० |
| १.६ खुद भर्नादर (कक्षा १-५) | ९७.०० | ९७.८० | ९७.५० | ९७.७० | ९६.९० | ९६.८० |
| १.७ कुल भर्नादर (कक्षा १-८) | ११६.९० | १२३.८० | ११५.१० | ११७.४० | ११८.५० | १२५.३० |
| १.८ खुद भर्नादर (कक्षा १-८) | ९१.७० | ९२.२० | ९४.८० | ९४.९० | ९७.३० | ९५.९० |
| १.९ कक्षा (कक्षा १-८) को खुद भर्नादरमा लैंगिक समता सूचकांक | १.०४ | १.०२ | १.०३ | १.०३ | १.०१ | ०.९९ |
| १.१० कक्षा ८ मा टिकाउ दर | | ७३.४० | ८०.१० | ८४.८० | ८३.७० | ८३.८० |

| सुचकहरू | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|---|
| १.११ आधारभूत शिक्षाको तह पुरा गर्ने दर | | ५७.७० | ७३.६० | ७६.७० | ७६.१० | ७६.३० |
| १.१२ ( ५-१२ ) वर्ष उमेरका विद्यालय वाहिर रहेका वालवालिकाहरूको प्रतिसत | | | | | २.७० | ४.१० |
| **२. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | |
| २.१ कक्षा ९-१० को खुद भर्नादर | ६५.८० | ६७.७० | ६९.८० | ७२.३० | ७७.६० | ८०.०० |
| २.२ कक्षा ९-१२ को खुद भर्नादर | ४४.७० | ४७.४० | ४९.३० | ५३.९० | ५७.८० | ५९.१० |
| २.३ कक्षा (कक्षा ९-१२) को खुद भर्नादरका आधारमा लैंगिक समता सूचकांक | ०.९० | १.०६ | १.०५ | १.२६ | १.२१ | ०.९९ |
| **३. साक्षरता दर** | | | | | | |
| ३.१ साक्षरता दर ६+ वर्ष | | | | ७६.१२ | | |
| ३.२ साक्षरता दर (१५-२४) वर्ष | | | | ९७.४० | | |
| ३.३ साक्षरता दर १५+ वर्ष | | | | ७०.०१ | | |
| **४.शिक्षक व्यवस्थापन** | | | | | | |
| ४.१ आधारभूत तहमा महिला शिक्षक प्रतिसत | २९.६६ | ३१.६४ | ३२.१३ | ३३.२२ | ३३.२४ | ३३.३१ |
| ४.२ माध्यमिक तहमा महिला शिक्षक प्रतिसत | १३.३२ | १२.०५ | १५.१९ | १६.४६ | १६.४० | १६.५० |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०७९*

## विद्यालय, विद्यार्थी र शिक्षकको विवरण

१०.८. प्रदेशमा शैक्षिक सत्र २०७९ मा आधारभुत तह (१-५) सम्मका १ हजार ९ सय ८, आधारभुत तह (१-८) सम्मका ७ सय ३, माध्यमिक तह (१-१०) सम्मका ४ सय ४१ र माध्यमिक तह (१-१२) सम्मका ४ सय ४४ सार्वजनिक विद्यालय रहेका छन् भने निजी क्षेत्रतर्फ यस्ता प्रकारका विद्यालयको संख्या क्रमशः १ सय ८९, २ सय ५५, १ सय ७९ र ६७ रहको छ।

१०.९. शैक्षिक सत्र २०७९ मा प्रदेशमा स्नातक तहसम्म पठनपाठन हुने सामुदायिक क्याम्पसको संख्या ७० रहेको छ भने निजी क्याम्पसको संख्या २५ रहेको छ। प्रदेशमा स्नातकोत्तर तहसम्म पठनपाठन हुने सामुदायिक क्याम्पसको संख्या १८ रहेको छ भने निजी क्याम्पसको संख्या ३ रहेको छ।

तालिका १०-२ विद्यालय र क्यामपसको तहगत विवरण

| शैक्षिक संस्थाको प्रकार | सामुदायिक | | निजि | |
|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०७८ | २०७९ |
| **आधारभूत (१-५)** | १९४४ | १९०८ | १६० | १८९ |
| **आधारभूत (१-८)** | ७२४ | ७०३ | २३८ | २५५ |
| **माध्यमिक (१-१०)** | ४८९ | ४४१ | १८९ | १७९ |
| **माध्यमिक (१-१२)** | ४०९ | ४४४ | ५७ | ६७ |
| **स्नातक तह क्याम्पस** | ७० | ७० | २५ | २५ |

| शैक्षिक संस्थाको प्रकार | सामुदायिक | | निजि | |
|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०७८ | २०७९ |
| स्नातकोत्तर क्याम्पस | १८ | १८ | ३ | ३ |

*स्रोत: सामाजिक विकास मन्त्रालय, २०७९*

## शिक्षक विवरण र अनुपात

१०.१०. शैक्षिक सत्र २०७९ मा सामुदायिक र संस्थागत विद्यालयमा गरी कुल २५ हजार ४ सय २४ शिक्षक रहेका छन्। सो मध्ये पुरुष र महिला शिक्षकको अनुपात क्रमशः ६०.९७ प्रतिशत र ३९.०३ प्रतिशत रहेको छ। प्रदेशका कुल शिक्षकमध्ये सामुदायिक विद्यालयमा ७६.३८ प्रतिशत र संस्थागत विद्यालयमा २३.६३ प्रतिशत शिक्षक कार्यरत रहेका छन्।

तालिका १०-३ सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण (२०७९)

| तह | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| आधारभूत (कक्षा १-५) | ६८०३ | ४०९६ | ११४४ | १९३७ | ७९४७ | ६०३३ | १३९८० |
| आधारभूत (कक्षा ६-८) | ७७६ | ३६८३ | ५६२ | १०४१ | १३३८ | ४७२४ | ६०६२ |
| माध्यमिक (कक्षा ९-१०) | ३३० | २७५१ | १९५ | ९२४ | ५२५ | ३६७५ | ४२०० |
| माध्यमिक (कक्षा ११-१२) | ७५ | ९०४ | ३८ | १६५ | ११३ | १०६९ | ११८२ |
| **जम्मा** | **७९८४** | **११४३४** | **१९३९** | **४०६७** | **९९२३** | **१५५०१** | **२५४२४** |

*स्रोत: सामाजिक विकास मन्त्रालय, २०७९*

## विद्यार्थी विवरण

१०.११. शैक्षिक सत्र २०७९ मा कुल विद्यार्थि संख्या २.१३ प्रतिशतले घटेको छ। खासगरी आधारभुत तह (कक्षा १-८) मा अध्ययनरत विद्यार्थी सङ्ख्या ३.९७ प्रतिशतले घटेको छ।

१०.१२. शैक्षिक सत्र २०७८ मा विद्यालय तहमा अध्ययनरत ९ लाख २७ हजार ८ सय ४१ विद्यार्थीमध्ये आधारभूत तह (कक्षा १-८) मा ७ लाख ३३ हजार ४ सय ३५ र माध्यमिक तह (कक्षा ९-१२) मा १ लाख ९४ हजार ४ सय ६ विद्यार्थी रहेका थिए। शैक्षिक सत्र २०७९ मा कुल विद्यार्थी ९ लाख ८ हजार १ सय १० मध्ये आधारभूत तह (१-८) सम्ममा ७ लाख ४ हजार २ सय ८७ विद्यार्थी र माध्यामिक तह (९-१२) सम्म २ लाख ३ हजार ८ सय २३ विद्यार्थी रहेका छन्।

१०.१३. प्रदेशमा कुल विद्यार्थीमध्ये संस्थागत विद्यालयमा २० प्रतिशत र सामुदायिक विद्यालयमा ८० प्रतिशत विद्यार्थी अध्ययनरत छन्।

तालिका १०-४ विद्यालय तहमा विद्यार्थी भर्नाको अवस्था (संख्यामा)

| तह\शैक्षिक सत्र | लिङ्ग | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|---|---|---|
| आधारभूत (१-५) | छात्रा | २३७१४२ | २२२४२० | २०५३९० | २४८९७८ | २५४१५६ | २४१७५७ |
| | छात्र | २३०८८१ | २१५२९३ | १९८११९ | २५७९०१ | २६८८१३ | २५७७९१ |
| आधारभूत (६-८) | छात्रा | १११३४९ | १११६१२ | १०८७६८ | १०२७४५ | १०५०४७ | १०२२०२ |
| | छात्र | १०७५३७ | १०४८०४ | १०२००२ | १०१८५७ | १०५४१९ | १०२५३७ |
| आधारभूत (१-८) | छात्रा | ३४८४९१ | ३३४०३२ | ३१४१५८ | ३५१७२३ | ३५९२०३ | ३४३९५९ |
| | छात्र | ३३८४१८ | ३२००९७ | ३००१२१ | ३५९७५८ | ३७४२३२ | ३६०३२८ |
| माध्यमिक (९-१०) | छात्रा | ६२१०९ | ५९९८६ | ६१४०९ | ६०६७४ | ६३०४२ | ६२४०३ |
| | छात्र | ५६१४८ | ५६४८९ | ५६८१३ | ५६४४३ | ६०७४४ | ६२२५८ |
| माध्यमिक (११-१२) | छात्रा | ४४१८१ | ४२३१६ | ३४९८८ | ३११८४ | ३८३२१ | ४२११३ |
| | छात्र | ३९००० | ३४५१२ | ३०७९८ | २५२१० | ३२२९९ | ३७०४९ |
| माध्यमिक (९-१२) | छात्रा | १०६२९० | १०२३०२ | ९६३९७ | ९१८५८ | १०१३६३ | १०४५१६ |
| | छात्र | ९५१४८ | ९१००१ | ८७६११ | ८१६५३ | ९३०४३ | ९९३०७ |
| कक्षा (१-१२) सम्मको जम्मा | | ८८८३४७ | ८४७४३२ | ७९८२८७ | ८८४९९२ | ९२७८४१ | ९०८११० |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०७९*

## माध्यामिक शिक्षा परीक्षा (SEE)

१०.१४. शैक्षिक सत्र २०७८ मा SEE परिक्षामा सामेल भएका देशभरका ४ लाख ९५ हजार ६ सय ४८ परिक्षार्थी मध्ये सुदूरपश्चिम प्रदेशबाट ११.५ प्रतिशत अर्थात ५७ हजार ८ जना परिक्षार्थी सहभागी भएका थिए।

तालिका १०-५ SEE परीक्षा २०७८ को विवरण

| जिल्ला | २०७७ | २०७८ |
|---|---|---|
| आवेदन | ६००६९ | ६०४८२ |
| परीक्षामा सामेल | ५५२९८ | ५७००८ |
| Grade Group | जम्मा | जम्मा |
| GPA 0.80 T0 < 1.20 | ० | ९५२ |
| GPA 1.20 To < 1.60 | २ | ८५६५ |
| GPA 1.60 To < 2.00 | ११९ | १५६८६ |
| GPA 2.00 To < 2.40 | ३६७५ | १४५५९ |
| GPA 2.40 To < 2.80 | १८६१७ | ८४३१ |
| GPA 2.80 To < 3.20 | १८४२० | ३८३९ |
| GPA 3.20 To < 3.60 | ७८९५ | १३०७ |
| GPA 3.60 To <= 4.00 | ३७१८ | १९५ |
| NA | २८५२ | ३४७४ |
| जम्मा | ५५२९८ | ५७००८ |

*स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय*

१०.१५. शैक्षिक सत्र २०७७ मा SEE परिक्षामा सहभागी भएका विद्यार्थीहरुको औसत र मध्यांश GPA क्रमशः २.७७ र २.२ रहेकोमा शैक्षिक सत्र २०७८ मा केही ह्रास आई १.९६ र १.८ मा झरेको छ। शैक्षिक सत्र २०७८ मा १.६ देखि २.८ GPA प्राप्त गर्ने विद्यार्थी ६७.८४ प्रतिशत छन् भने ३.६ देखि ४.० GPA प्राप्त गर्ने विद्यार्थी ०.३४ प्रतिशत छन्।

## छात्रवृत्ति

१०.१६. प्रदेश सरकारले उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, एम.वि.वि.एस र एम.डी छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने नीति अनुरुप गत आर्थिक वर्षमा प्राविधिक डिप्लोमातर्फ ४५, एम.वि.वि.एस. तर्फ ९ र अन्य विषयमा ५९ लाई छात्रवृत्ति प्रदान गरेकोमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म १८ जना विद्यार्थीलाई एम.वि.वि.एस. छात्रवृत्ति प्रदान गरिएको छ।

तालिका १०-६ छात्राबृत्ति सम्बन्धी विवरण

| आर्थिक वर्ष | प्राविधिक डिप्लोमा | एम.वि.वि.एस. | अन्य |
|---|---|---|---|
| २०७४/७५ | ० | ० | ० |
| २०७५/७६ | ० | ० | २१९ |
| २०७६/७७ | ११० | ० | २०८ |
| २०७७/७८ | ० | ० | ० |
| २०७८/७९ | ४५ | ९ | ५९ |
| २०७९/८०* | | १८ | |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०७९* **फागुनसम्म*

## शैक्षिक पूर्वाधार

१०.१७. प्रदेश सरकारले विद्यालय तथा क्यापसमा भौतिक पूर्वाधार निर्माण र मर्मत संभारका कार्यक्रम संचालन गर्दै आएको छ। आर्थिक वर्ष २०७८/७९ मा सामुदायिक विद्यालयमा ३ सय ६२ कक्षा कोठा थप भएकोमा आर्थिक वर्ष २०७९/८० को फागुनसम्म ७ सय ९२ कक्षा कोठा थप भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म ७ छात्रवास भवन, १२ विज्ञान प्रयोगशाला, २६ विद्यालय आई.सि.टी. ल्याब, ६७ विद्यालय खेल मैदान, १ चार कोठे क्याम्पस भवन र १ क्याम्पस आई.सि.टी. ल्याब निर्माण कार्य सम्पन्न भएको छ।

तालिका १०-७ शैक्षिक पूर्वाधार सम्वन्धी विवरण (गोटा)

| आर्थिक वर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| दुई कोठे विद्यालय भवन | ८८ | ६२ | १०३ | १७५ | ३३२ |
| चार कोठे विद्यालय भवन | ९३ | ६८ | १३८ | ३ | ३२ |
| विद्यालय छात्रावास भवन | १४ | ९ | ९ | १३ | ७ |
| विद्यालय विज्ञान प्रयोगशाला | ० | ० | ० | ० | १२ |
| विद्यालय आई.सि.टी. ल्याब | ४० | ६० | ७२ | १२५ | २६ |
| विद्यालय खेल मैदान | ५४ | ० | ९ | २ | ६७ |
| चार कोठे क्याम्पस भवन | ३३ | २५ | १० | ० | १ |
| क्याम्पस आई.सि.टी. ल्याब | ४० | ९ | ७ | ० | १ |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०७९* *फागुनसम्म

### प्राविधिक तथा व्यावसायिक शिक्षा

१०.१८. चालु आर्थिक वर्षको फागुनसम्म प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) अन्तर्गत सुदूरपश्चिम प्रदेशमा ६ वटा आङ्गिक शिक्षालयबाट डिप्लोमा इन एग्रिकल्चर, फरेष्ट्री, सिभिल इन्जिनिरिङ्ग, मेकानिकल इन्जिनियरिङ्ग, अटोमोवाइल इन्जिनिरिङ्ग, रेफ्रिजेरेसन एण्ड एअर कण्डिसनिङ्ग, फार्मेसी र प्रमाणपत्र तह सामान्य चिकित्सा रहेको छ।

१०.१९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र स्थानीय तह तथा गैर नाफामूलक प्रतिष्ठानसँग सम्झौता गरी साझेदारी स्वरूपमा प्राविधिक शिक्षा सञ्चालन गर्न प्रदेशमा हालसम्म धनगढी पोलिटेक्निक इन्ष्टिच्युट, कैलालीबाट इन्जिनियरिङ्ग डिप्लोमा, अमरगढी बहुप्राविधिक शिक्षालय, डडेलधुरा र महाकाली पोलिटेक्निक इन्ष्टिच्युट, कन्चनपुरबाट स्वास्थ्य तर्फका प्रविणता प्रमाणपत्र तहका कार्यक्रम सञ्चालनमा रहेका छन्।

१०.२०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले टीकापुर बहुप्राविधिक शिक्षालयलाई स्तरोन्नति गरी नमुना बहुप्राविधिक शिक्षालयको रूपमा विकास गरेको छ।

## स्वास्थ्य क्षेत्र

### स्वास्थ्य सेवा

१०.२१. प्रदेशमा चालु आर्थिक वर्षको फागुनसम्म स्वास्थ संस्था संख्या ६ सय ९२, प्राथमिक स्वास्थ्य केन्द्र १६, स्वास्थ्य चौकी ३ सय ७४, आयुर्वेदिक औषधालय ४२ र उपस्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र २ सय ४५ गरी जम्मा ६ सय ९२ स्वास्थ्य संस्था रहेका छन्। प्रदेशमा रहेका सरकारी अस्पतालको शैया संख्या ५२६ रहेको छ।

१०.२२. प्रदेशमा चालु आर्थिक वर्षको फागुनसम्म डाक्टर १ सय ९६, आयुर्वेद चिकित्सक ११ नर्स/अ.न.मी. ३ सय ६२, कविराज १०, वैद्य १४ र महिला स्वास्थ्य स्वयंसेविका ६ हजार ७१ गरी जम्मा ६ हजार ६ सय ६४ स्वास्थ्यकर्मी कार्यरत छन्।

तालिका १०-८ स्वास्थ्य संस्था, शैय्या र जनशक्तिको विवरण

| विवरण | २०७९/८०* |
|---|---|
| १. जम्मा स्वास्थ्य संस्था | ६९२ |
| क) अस्पताल | १५ |
| ख) प्राथमिक स्वास्थ्य केन्द्र | १६ |
| ग) स्वास्थ्य चौकी | ३७४ |
| घ) आयुर्वेदिक औषधालय | ४२ |
| ङ) उपस्वास्थ्य चौकी/ आधारभूत स्वास्थ्य सेवा केन्द्र | २४५ |
| २. अस्पताल शैय्या | ५२६ |
| ३. जम्मा जनशक्ति | ६६६४ |
| क) डाक्टर | १९६ |
| ख) आयुर्वेद चिकित्सक | ११ |
| ग) नर्स/अ.न.मी. | ३६२ |
| घ) कविराज | १० |
| ङ) वैद्य | १४ |
| छ) महिला स्वास्थ्य स्वयंसेविका | ६०७१ |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०७९* **फागुनसम्म*

## राष्ट्रिय खोप कार्यक्रम

१०.२३. राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत बि.सि.जि., डी.पी.टि., हेपाटाईटिस बि., पोलियो, दादुरा र गर्भवती महिलाको लागि टिटानस र डिप्थेरिया विरूद्धको खोप लगायत १३ प्रकारका उपलब्ध हुँदै आएको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म २ लाख ५६ हजार ५ सय ८३ खोप लगाइएको छ।

तालिका १०-९ राष्ट्रिय खोप कार्यक्रमको विवरण

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|
| वि.सि.जि. भ्याक्सिन | ५३९६१ | ५२१७७ | ४९९३५ | ५५९१० | ४९५७६ | ३७४७८ |
| डि.पि.टी, हेपाटाइटिस बि (तेस्रो मात्रा) | ५११०० | ५०८३० | ४६५१३ | ५४८४५ | ५१८६० | ३६०१० |
| पोलियो (तेस्रो मात्रा) | ५१०८१ | ५०६६० | ४६२२९ | ५४७४३ | ५१७३२ | ३५९३५ |

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|
| दादुरा रूबेला (दोस्रो मात्रा) | ४२०४० | ४४२१२ | ४३६३५ | ४९३६४ | ४७०६४ | ४००३० |
| रोटा (दोस्रो मात्रा) | | | | ४६८४३ | ५००५२ | ३६७३५ |
| पि.सि.भि. तेस्रो मात्रा | ५२०५८ | ४९२५८ | ४७८८० | ५०९९६ | ५११७३ | ३६५३१ |
| टिटानस | ४८४४४ | ४७३६६ | ४५४९९ | ५२९०३ | ४४७०४ | ३३८६४ |
| दादुरा, रुवेला खोप अभियान | | | २३२७२५ | | | |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०७९* *फागुनसम्म

## विपन्न नागरिक औषधि उपचार

१०.२४. आर्थिक वर्ष २०७८/७९ मा विपन्न नागरिक औषधि उपचार कार्यक्रमबाट ७०० जना लाभान्वित भएका थिए भने चालु आर्थिक वर्षको फागुनसम्ममा ४९४ विपन्न नागरिकले औषधि उपचार सेवा प्राप्त गरेका छन्।

तालिका १०-१० औषधि उपचार सेवा प्राप्त गर्ने विपन्न नागरिकको विवरण

| विवरण | आर्थिक बर्ष२०७७/७८ | आर्थिक बर्ष २०७८/७९ | आर्थिक बर्ष २०७९/८०* |
|---|---|---|---|
| क्यान्सर | ९८ | २३५ | १७० |
| मुटु रोग | ४३ | १७८ | १३५ |
| दिर्घ मृगौला रोग (औषधि उपचार) | ४५ | १११ | ७४ |
| सेरो पोजेटिभ | ० | ० | ० |
| जलेको | ० | ३ | ० |
| स्ट्रोक(पक्षघात) | 0 | ५ | ४ |
| मेरुदण्डमा चोट | ७ | १८ | १६ |
| कलेजो रोग | ५ | १० | ० |
| पार्किन्सन्स | २ | २ | ० |
| अल्जाईमर | ० | ० | ० |
| हेड इन्जुरी | ८ | १५ | ५ |
| सिकलसेल एनिमिया | ३ | १२३ | ९० |
| जम्मा | २११ | ७०० | ४९४ |

*स्रोतः सामाजिक विकास मन्त्रालय, २०७९* *फागुनसम्म

## कोभिड-१९

१०.२५. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म ८४ हजार ९ सय ८४ जनामा कोभिड-१९ को परीक्षण गरिएकोमा २ हजार १ सय ३९ जना सङ्क्रमित देखिएको र २ जनाको मृत्यु भएको छ।

तालिका १०-११ कोभिड-१९ को परीक्षण संक्रमण र मृत्युसम्बन्धी विवरण

| सुचक | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|
| **जम्मा परीक्षण** | **१४६३५२** | **३७४९९६** | **२७६२०३** | **८४९८४** |
| पि.सि.आर. | २७६०४ | १६८२९५ | २६१५९ | ३१९२ |
| RDT Test | ११८७४८ | १२४६९० | ० | ० |
| एन्टीजेन | ० | ८२०११ | २५००४४ | ८१७९२ |
| पि.सि.आर. सङ्क्रमित | ३८२२ | ३१८५३ | ६५४१ | ५५८ |
| RDT Positive | ९६८६ | १०१९२ | ० | ० |
| एन्टीजेन सङ्क्रमित | ० | ८७५० | ८७७५ | १५८१ |
| **कुल सङ्क्रमित** | **३८२२** | ४०६०३ | **१५३१६** | **२१३९** |
| कुल मृत्यु | ० | ५७४ | ५९ | २ |

*स्रोतः सामाजिक विकास मन्त्रालय* *फागुनसम्म

१०.२६. आर्थिक वर्ष २०७९/८० को सम्म सुदूरपश्चिम प्रदेशबाट कोभिड-१९ को पहिलो मात्राको २४ लाख ७६ हजार ६ सय ६९ खोप, दोस्रो मात्राको १९ लाख ३० हजार ३ सय ७ खोप र बुस्टर डोज १० लाख ४ हजार २ सय ७३ खोप लगाउने कार्य भएको छ।

तालिका १०-१२ कोभिड १९ को खोप विवरण (गोटामा)

| खोप | पहिलो मात्रा | दोस्रो मात्रा | बुस्टर डोज |
|---|---|---|---|
| कोभिशिल्ड | २७१८०८ | २४५२२१ | २५७६३३ |
| भेरोसेल | ९४५८९० | ८१७७९३ | ५४३१८ |
| आस्त्राजेनिका | १४२६१९ | ११०४०४ | १४५५९३ |
| जेन्सन एण्ड जेन्सन | ३००१६३ | | ३२५११ |
| मोडर्ना | ३९४२६९ | ३५३६६३ | १९३१०३ |
| पी फैजर | ४१२९२० | ४०३२२६ | ३२१११५ |
| जम्मा | २४६७६६९ | १९३०३०७ | १००४२७३ |

*स्रोतः सामाजिक विकास मन्त्रालय* *फागुनसम्म

१०.२७. २०७९ को फागुनसम्म प्रदेश सरकारले प्रदेशका अस्पताल र स्थानीय तहलाई १६३ एम्बुलेन्स वितरण भएका मध्ये ७१ एम्वुलेन्समा GPS जडान भएको छ।

१०.२८. प्रदेश सरकारले गर्भवती महिलाको गर्भजाँच र समयमै जटिलता पहिचान गरी मातृ मृत्युदर घटाउन स्थानीय तहको सहकार्यमा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालनमा

ल्याएको छ। सो कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० को फागुनसम्म २४ तालिम सञ्चालन भएको र १ सय ९९ जना स्वास्थ्यकर्मीले तालिम लिएका छन्।

१०.२९. २०७९ फागुनसम्म प्रदेश मातहतका अस्पतालमा आई.सि.यु. बेड संख्या ४८, एच.डी.यु. बेड संख्या ९७, भेन्टिलेटर संख्या ५० रहेको छ भने १० अस्पतालमा अक्सिजन प्लान्ट संख्या जडान भई सञ्चालनमा ल्याएको छ।

## स्वास्थ्य पूर्वाधार निर्माण

१०.३०. प्रदेश सरकारले स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न प्रदेशमा प्रसुति केन्द्र, सहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईका भवनहरू निर्माण गरी सञ्चालनमा ल्याएको छ।

तालिका १०-१३ प्रदेश सरकारबाट निर्माण भएका स्वास्थ्य पूर्वाधारहरु

| स्वास्थ्य पूर्वाधार | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| **प्रसुति केन्द्र भवन** | ४९ | २२ | २९ | २६ |
| **शहरी स्वास्थ्य केन्द्र भवन** | २२ | ९ | २४ | ४ |
| **सामुदायिक स्वास्थ्य इकाई भवन** | २२ | ८ | २२ | २५ |

*स्रोतः सामाजिक विकास मन्त्रालय*

## खानेपानी

१०.३१. २०७९ फागुनसम्म प्रदेश सरकारले निर्माण गरेको खानेपानी योजनाहरूबाट आधारभूत खानेपानीको पहुँच पुगेको घरधुरी सङ्ख्या २२ हजार ९ सय ७२ रहेको छ।

१०.३२. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म प्रदेश सरकारबाट ४२ इन्टेक निर्माण, ७६ पानी पोखरी निर्माण र २४३ किलोमिटर पाइप लाइन जडानको कार्य सम्पन्न भएको छ।

तालिका १०-१४ खानेपानी पूर्वाधार निर्माणको अवस्था

| खानेपानी पूर्वाधार | इकाई | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८०* | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **इन्टेक निर्माण** | गोटा | ९२ | १७० | १७१ | ५८९ | ५४६ | ४२ | १६१० |
| **डिप ट्युबेल जडान** | गोटा | ० | ३० | ३८ | ३४ | २४ | | १२६ |
| **पानी पोखरी निर्माण** | गोटा | ६७ | १३८ | १६६ | ४६४ | ५५७ | ७६ | १४६८ |
| **पाइप लाइन जडान** | कि.मि. | ५२४ | ६६१ | १०८४ | १९११ | २२१५ | २४३ | ६६३८ |

*स्रोतः सामाजिक विकास मन्त्रालय* **फागुनसम्म*

## युवा तथा खेलकुद

१०.३३. सुदूरपश्चिम प्रदेश युवा परिषद् स्थापना भई प्रदेशका युवालाई राष्ट्र सेवाका विविध क्षेत्रमा योगदान गर्न उत्प्रेरित हुने क्रियाकलाप सञ्चालन गरिएको छ।

१०.३४. सुदूरपश्चिम प्रदेशको हरेक प्रदेश निर्वाचन क्षेत्रमा १ खेलमैदान हुने गरी ३४ खेलमैदान निर्माण भएका छन्। फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट खेल मैदान, महेन्द्रनगरमा मल्टीप्रपोज स्पोर्टस कम्पलेक्स र टिकापुरमा स्पोर्टस एक्याडेमीको डिपिआर निर्माणको कार्य सम्पन्न भएको छ।

१०.३५. सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्को स्थापना गरी विभिन्न अन्तर प्रादेशिक र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना हुँदै आएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म प्रदेशमा सञ्चालन भएका मुख्यमन्त्री कप प्रतियोगिता अन्तर्गत खसड गोल्डकप फुटबल, प्रदेशस्तरीय तेक्वान्दो, हाफ म्याराथुन, यु १९ टी २० राष्ट्रिय महिला क्रिकेट, राष्ट्रिय भलिबल, बि वाई सि महिला फुटबल, राष्ट्रिय कबड्डी, राष्ट्रिय कबड्डी र व्याडमिन्टन प्रतियोगिता गरी जम्मा ८ खेलकुद आयोजना भएको छ।

१०.३६. चालु आर्थिक वर्षको फागुनसम्म प्रदेशमा प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, प्रदेश स्तरीय भलिवल प्रतियोगिता र नवौं राष्ट्रिय प्रदेश स्तरीय छनौट प्रतियोगिता समेत आयोजना भएको छ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

### जोखिममा परेका बालबालिका र किशोर किशोरी

१०.३७. प्रदेशमा हराएका बालबालिकामा बालिकाको सङ्ख्या बढी रहेको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म २ सय २९ हरायका बालबालिकामध्ये १ सय ७२ बालबालिका फेला परेका छन्। त्यसैगरी, सोही अवधिमा बेवारिसे बालबालिका ७ फेला परेका छन्। आर्थिक वर्ष २०७८/७९ मा कुल ३ सय ८३ बालबालिका हराएका मध्ये ३ सय ४४ फेला परेका थिए भने ९ वेवारिसे बालबालिका फेला परेका थिए।

तालिका १०-१५ हराएका र फेला परेका बालबालिकाको सङ्ख्या

| विवरण | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० * |
|---|---|---|---|---|---|---|---|
| हराएका | बालक | ८७ | १०६ | ९८ | १०७ | १४९ | ९१ |
| | बालिका | १२९ | १६१ | १३६ | १७६ | २३४ | १३८ |
| | जम्मा | २१६ | २६७ | २३४ | २८३ | ३८३ | २२९ |
| | बालक | ७३ | ९३ | ८९ | ९३ | १३० | ७६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **हराएकाम ध्ये फेला परेका** | बालिका | ११३ | १४६ | ११७ | १५० | २१४ | ९६ |
| | **जम्मा** | **१८६** | **२३९** | **२०६** | **२४३** | **३४४** | **१७२** |
| **बेवारिस फेला परेका** | बालक | ४ | ५ | ६ | ३ | ६ | ४ |
| | बालिका | ३ | ६ | ६ | ६ | ३ | ३ |
| | **जम्मा** | **७** | **११** | **१२** | **९** | **९** | **७** |

*स्रोतः सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, २०७९* **फागुनसम्म*

## सामाजिक सुरक्षा

१०.३८. सुदूरपश्चिम प्रदेशमा २०७९ असारसम्म सामाजिक सुरक्षाको अनलाइन प्रणालीमा ४ लाख २९ हजार ५ सय ३८ जना आबद्ध भएका छन्।

१०.३९. २०७९ असारसम्म ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकको संख्या १ लाख २८ हजार ८ सय १७ रहेको छ।

तालिका १०-१६ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण

| लक्षित समूह (संख्यामा) | २०७९/८० मा कायम मासिक दर | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|
| जेष्ठ नागरीक (७० वर्ष माथि) | ४००० | ७९१४८ | ८०७३१ | ८६३४२ | १२९६८७ | १२८८१७ |
| जेष्ठ नागरीक दलित (६० वर्ष माथि) | २६६० | ३९३४७ | ४०३०८ | ४२६३० | २४२११ | २४८८५ |
| जेष्ठ नागरीक एकल महिला (६० वर्ष माथि) | २६६० | १४२८५ | १३९५७ | १२०१३ | २८२६० | २७५३२ |
| जेष्ठ नागरीक क्षेत्र तोकीएका (६० वर्ष माथि) | २६६० | ० | ० | ० | ० | ० |
| बिधुवा महिला | २६६० | ६४५३१ | ६८७०८ | ७४४६७ | ४२८२१ | ४३४३० |
| पुर्ण अपाङ्गता (क बर्गको कार्ड प्रप्त) | ३९९० | ३११६ | ३४७० | ३७९० | ४३२७ | ४८३९ |
| अति अशक्त अपाङ्गता (ख बर्गको कार्ड प्रप्त) | २१२८ | ६०७७ | ७२६९ | ८२५१ | १०१८८ | १२५६९ |
| लोपोन्मुख जनजाति | ३९९० | ३४९२ | ३२१९ | ३१८३ | ३२०२ | ३२२५ |
| दलित बालवालिका | ५३२ | १०८४०३[१] | ७५७०० | ७३०३० | ७८४२९ | ७२२२१ |
| क्षेत्र तोकीएका वालवालिका | ५३२ | ० | ७८९५७ | ८५७६१ | ११२८६४ | ११२०२० |
| **कुल जम्मा** | | **३१८३९९** | **३७२३१९** | **३८९४६७** | **४३३९८९** | **४२९५३८** |
| उपचार खर्च (७० वर्ष माथि)[२] | | १११७६७ | ११२७३४ | १२५७०८ | ० | ० |

*स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, २०७९* **फागुनसम्म*

[१] *दलित र क्षेत्र तोकिएका वालवालिकाको एकमुष्ट*

[२] *सामाजिक सुरक्षा ऐन २०७५ र नियमावलि २०७६ लागु पछी उपचार खर्च भत्तामा गाभिएको*

# ११. सुशासन र प्रशासन

## सुशासन

११.१. प्रदेश सरकारले विगत ५ वर्षमा गरेका कार्य सम्बन्धी डकुमेन्ट्री निर्माण गरी राष्ट्रिय टेलिभिजनबाट उक्त डकुमेन्ट्रीको प्रशारण कार्य सम्पन्न भएको छ।

११.२. आर्थिक वर्ष २०७९/८० मा प्रदेश सुशासन केन्द्रमार्फत स्थानीय तहको संस्थागत स्व-मूल्याङ्कन र वित्तीय जोखिम न्यूनीकरणको सम्बन्धमा स्थानीय निकाय र जिल्ला समन्वय समितिका नवनिर्वाचित जनप्रतिनिधि र कर्मचारीलाई पुनर्ताजकी तालिम प्रदान गरिएको छ।

११.३. प्रदेशका स्थानीय तहले प्रदेश नीति तथा योजना आयोगसँग समपूरक र विशेष अनुदानका लागि आवेदन माग गर्न र आयोगले योजना छनौट गर्ने प्रक्रियालाई स्वचालन गर्न विद्युतीय प्रणालीको व्यवस्था गरिएको छ।

## प्रशासन

११.४. प्रदेश लोक सेवा आयोगबाट प्रदेश र स्थानीय तहको लागि ५३ विभिन्न सेवा, समूह, उपसमूह र तहका लागि एकीकृत परीक्षा प्रणालीको आधारमा २९ पदनामका पाठ्यक्रम स्वीकृत गरी सार्वजनिक गरिएको छ।

